## विशेष इजलास

**मा.न्या.श्री ताहिर अली अन्सारी, मा.न्या. श्री वैद्यनाथ उपाध्याय, मा.न्या. श्री तर्कराज भट्ट, मा.न्या. प्रा.डा. श्री भरतबहादुर कार्की र मा.न्या. श्री कमलनारायण दास,** रिट नं. २०६६-WS-००३३, उत्प्रेषण समेत, *शिवचन्द्र पौडेल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

मनासिब शर्त तोक्ने गरी बनाइएको कानूनले पेशा, रोजगार गर्ने स्वतन्त्रतामा अनुचित बन्देज लगाएको मान्न मिल्दैन। तर, संविधानद्वारा निर्दिष्ट गरिएको उपरोक्त मनासिव नियन्त्रणको परिधि नाघेर राज्यबाट जथाभावी र स्वेच्छाचारी ढंगले नागरिकको संविधानप्रदत्त पेशा व्यवसायको स्वतन्त्रतामा बन्देज लगाउने वा नियन्त्रण गर्ने गरी शर्तयुक्त कानून बनाउन पाउने छूट छैन। संविधानले प्रदान गरेको नागरिक स्वतन्त्रता (Civil Liberties) मा अनुचित बन्देज वा अंकुश लगाउने गरी बनाइएको कानून असवैधानिक हुने हुँदा संविधानको धारा १०७(१) बमोजिम अमान्य र बदरयोग्य हुने।

पेशागत संगठनको हैसियतबाट कुनै समिति विशेषमा प्रतिनिधित्व गराइनुबाट सो महासंघलाई विशेष कानूनी शक्ति प्राप्त भएको भन्न नमिल्ने।

ऐनमा नरहेको वा ऐनले अख्तियारी प्रदान नगरेको थप व्यवस्था नियममा राख्न पाइने होइन। ऐनले गरेको व्यवस्था कार्यान्वयन गर्नका लागि ऐनले प्रदान गरेको अधिकारको सीमाभित्र रही नियम बनाउन पाइने र नियमन गर्न सकिने हो। नियमन र नियन्त्रणको नाममा अनधिकृत निकाय वा व्यक्तिलाई सो अधिकार प्रदान गर्न नमिल्ने।

पेशागत हकहित संरक्षणको लागि गठन भएको एउटा संस्थाले यससँग आबद्ध निर्माण व्यवसायीहरु माथि अनुचित नियन्त्रण लगाउन पाउने होइन। अनुचित नियन्त्रण लगाउन सक्ने गरी यसलाई कुनै कानूनले पनि अधिकार प्रदान नगरेकोले इजाजतपत्र नवीकरणका लागि दिइने दरखास्तको ढाँचामा सो महासंघको सदस्यता लिनुपर्ने र नवीकरण गर्नुपर्ने थप शर्त राख्नु कानूनसम्मत एवम् संवैधानिक देखिन नआउने।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२(३) ले प्रदान गरेको हकहरुको प्रचलनका लागि धारा ३२ ले संवैधानिक उपचारको हक पनि प्रदान गरेकोछ। सो अनुसार कुनै पनि व्यक्तिले धारा १०७ को उपधारा (२) अनुसार यस अदालतको असाधारण अधिकारक्षेत्रमा प्रवेश गर्न सक्ने हुन्छ। यसरी हेर्दा उक्त धारा १२(३) अन्तर्गतका हकहरुको संरक्षण र प्रचलनलाई संविधानले प्रत्याभूत गरेको छ। ती हकहरुको अनियन्त्रित अथवा निरपेक्ष उपभोगलाई रोकेर नियन्त्रित एवम् सापेक्षिक बनाउने उद्देश्यले विधायिकाले धारा १२(३) को प्रतिवन्धात्मक खण्डहरु (१) देखि (५) सम्मको परिधिभित्र रहेर कानून बनाउन सक्नेछ र सोही कानूनअनुसार मात्र त्यस्ता हकाधिकारहरुको प्रयोग वा उचित उपभोगलाई व्यवस्थित गर्न सकिने हुन्छ। यस प्रक्रियामा ऐनले निर्दिष्ट गरेको भन्दा फरक तत्वको प्रभाव वा नियन्त्रणको परिकल्पना संविधानले गरेको छैन र मौलिक हकसँग सम्बन्धित कुराहरुको नियमन वा व्यवस्थापन गर्दा निजी व्यक्ति वा गैरसरकारी संस्थाको प्रभाव वा हस्तक्षेपलाई स्वीकार गर्न नसकिने।

इजलास अधिकृत: नारायण सुवेदी

इति संवत् २०६८ साल माघ ५ गते रोज ५ शुभम्।

## पूर्ण इजलास

१

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा, मा.न्या.श्री सुशीला कार्की र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** रिट नं. ०६७-WF-००२०, उत्प्रेषणयुक्त परमादेश, *रामप्रसाद घिमिरे समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

तल्लो श्रेणी वा पदबाट माथिल्लो श्रेणी वा पदमा बढुवा भएपछि साविकको श्रेणी वा पदभन्दा बढुवा भएको श्रेणी वा पदअनुरूपको थप जिम्मेवारीका साथै थप सेवा सुविधा नहुने अवस्था रहिरहने हो भने बढुवा वा पदोन्नतिसम्बन्धी अवधारणाको कुनै महत्व रहन सक्तैन। यसै तथ्यलाई आत्मसात् गर्दै शिक्षा नियमावली, २०५९ को नियम १०२ समेतले बढुवा भएका शिक्षकको तलवमान निर्धारण गर्दा साविक श्रेणी वा पदमा रहँदा खाईपाई आएको तलवमानभन्दा

बढुवा भएको श्रेणी वा पदको शुरू तलवमान केही बढी हुने गरी निर्धारण गर्नुपर्ने गरी व्यवस्था गरेको स्थिति देखिन आउँछ । तर निवेदकहरू कार्यरत् विभिन्न विद्यालयले निजहरूलाई प्रदान गरिआएको हालको तलवमानसम्बन्धी विवरणको अवलोकनबाट निजहरूले साविक प्रा.वि. तृतीय श्रेणीमा रहँदा खाईपाई आएको तलवमानभन्दा हाल द्वितीय श्रेणीमा बढुवा भएपछि खाईपाई आएको तलवमान न्यून देखिएको अवस्था हुँदा निजहरूले हाल पाइरहेको सो तलवमान शिक्षा नियमावली, २०५९ को नियम १०२ अनुरूप मिलेको भन्ने देखिन नआउने ।

राष्ट्रसेवक कर्मचारीलगायत निवेदक जस्ता शिक्षकहरूको तलवमान निर्धारण गर्ने अन्तिम जिम्मेवारी मन्त्रिपरिषद्कै हुनेमा कुनै द्विविधा हुन सक्तैन । सोअनुरूप तलवमान निर्धारण गर्दा निवेदक शिक्षकहरूको हकमा पनि शिक्षा नियमावली, २०५९ को नियम १०२ ले गरेको व्यवस्थासँग प्रतिकूल हुने खालको तलवमान निर्धारण गर्न नसकिने ।

निवेदकहरू बढुवा भएको प्रा.वि. द्वितीय श्रेणीको तलवमान निजहरूको हकमा साविक तृतीय श्रेणीमा रहँदा निजहरूले खाईपाई आएको तलवमान भन्दा कम रहिरहनु शिक्षा नियमावली, २०५९ को कानूनी व्यवस्था र न्यायको रोहबाट समेत उपयुक्त नदेखिने ।

निवेदकहरूको प्रा.वि. द्वितीय श्रेणीको तलवमान शिक्षा नियमावली, २०५९ को नियम १०२ अनुकूल हुने गरी हालसम्म नमिलाएको भए मिलाउनु भनी विपक्षी निकायहरूको नाममा परमादेश जारी हुने ।

इजलास अधिकृतः विदुर कोइराला

कम्प्युटरः मुकुन्द विष्ट

इति संवत् २०६८ साल चैत २ रोज ५ शुभम् ।

२

**मा.न्या. श्री रामकुमारप्रसाद शाह, मा.न्या. श्री वैद्यनाथ उपाध्याय र मा. न्या. श्री ज्ञानेन्द्रबहादुर कार्की**, मुद्दा नं. ०६६-DF-०००९, जोत छुट्याई पाऊँ, *मु.स. गर्ने शारदा राजभण्डारी वि. वेदप्रसाद भट्टराई समेत*

गुठी संस्थान ऐन, २०३३ को दफा २६(१) मा गुठीका भाउले नगदीमा बुझाउनु पर्ने गुठी अधीनस्थ जग्गा भन्ने वाक्यांश समेतको प्रयोग गरिएको हुँदा गुठी अधीनस्थ जग्गामा समेत नगदीमा लिन सकिने कुरालाई पूर्णतः इन्कार गर्न सकिने देखिँदैन । गुठी संस्थान ऐनमा रहेको उक्त कानूनी व्यवस्थाले नगदी लिँदैमा स्वतः रैतान नम्बरी हुने भनी मान्नुपर्ने बाध्यता सिर्जना गर्दैन । गुठी संस्थानका तत्कालीन अध्यक्षबाट जग्गामा पहिलेदेखि नै नगदी लिने गरेकोले सोहीबमोजिम नगदी नै लिई दिने र जग्गाको हकमा गुठी अधीनस्थ नै कायम गरी राख्ने भनी उल्लेख भएको व्यहोरामा पनि यही कानूनी व्यवस्था प्रतिबिम्बित भएको पाइदा यसरी विद्यमान कानून र साधिकार निकायको निर्णय समेतबाट नगदीमा लिन सकिने गरी गरिएको स्पष्ट व्यवस्थालाई निस्तेज तुल्याउने गरी त्यसको व्याख्या गर्न नमिल्ने ।

प्रक्रियासम्मत रुपमा चुनौती दिन नसकी अन्तिम भएर रहेको निर्णयलाई अन्य प्रसंगमा वा अन्य मुद्दाको कारवाहीको सिलसिलामा पूर्व निर्णयको अस्तित्वलाई शून्यमा परिणत गर्ने गरी जिकीर लिन नमिल्ने ।

गुठी अधीनस्थ जग्गामा दर्तावाला मोहीको हक अधिकार स्वतः गुठी संस्थानमा सर्ने हुँदा त्यस्ता जग्गाको व्यवस्थापन गुठी संस्थानबाट हुने कुरामा विवाद हुन सक्दैन । गुठी संस्थान ऐन, २०३३ को दफा २७ ले गुठी जग्गामा खास जोताहा किसानले प्रचलित कानूनबमोजिम मोहियानी हक पाउनेछ भनी उल्लेख गरिएको हुँदा त्यसमा जग्गाधनीको हैसियतमा गुठी संस्थानको भूमिका रहने कुरालाई इन्कार गर्न नमिल्ने ।

इजलास अधिकृतः उमेश कोइराला

कम्प्युटरः विकेश गुरागाई

इति संवत् २०६८ साल पुस २९ गते रोज ६ शुभम् ।

- यसै लगाउको मुद्दा नं. ०६६-DF-००१०, जोत नामसारी, नारायणप्रसाद राजभण्डारीको मु.स.गर्ने शारदा राजभण्डारी वि.वेदप्रसाद भट्टराई समेत भएको मुद्दामा यसै अनुरुप निर्णय भएको छ ।

३

**मा.न्या.श्री ताहिर अली अन्सारी, मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की र मा.न्या.श्री कमलनारायण दास,** मुद्दा नं. ०६७-DF-००१०, उत्प्रेषणयुक्त परमादेश समेत, *मायादेवी अधिकारी वि. केशवप्रसाद कोइराला समेत*

सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ७क को उपनियम (२) को खण्ड (ख) अनुसार यस इजलासले यस रिट निवेदनमा पूर्ण रूपले निर्णय गर्न सक्षम रहेको देखिए तापनि संयुक्त इजलासबाट जुन कानूनी जटिलता दर्शाई पूर्ण इजलासमा पठाइएको छ । त्यो कानूनी जटिलता नदेखिएको स्थितिमा पनि संयुक्त इजलासको अधिकारक्षेत्र ग्रहण गरी पूर्ण इजलासले निर्णय गर्दै जाने अभ्यास अनुकरणीय र उपयुक्त देखिन आउँदैन । विशेष कानूनी जटिलता देखाई पूर्ण इजलासमा पठाइए तापनि त्यस्तो कानूनी जटिलता विद्यमान नरहेको यस्तो रिट निवेदनको निर्णय संयुक्त इजलासबाटै हुनु श्रेयष्कर देखिँदा संयुक्त इजलासबाटै कानूनबमोजिम निर्णय हुन उचित देखिएकोले प्रस्तुत रिट निवेदनको पूर्ण इजलासको लगत कट्टा गरी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ७क को उपनियम (२) को खण्ड (क) अनुसार निर्णयार्थ संयुक्त इजलासमा पठाई दिनू ।

इजलास अधिकृतः उमेश कोइराला

इति संवत् २०६८ साल चैत १६ गते रोज ५ शुभम् ।

## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री तर्कराज भट्ट,** फौ.पु.नं. २०६५-CR-०२८१, र फौ.पु.नं. २०६७-CR-१३०८, कर्तव्य ज्यान, *नेपाल सरकार वि. दीपक शाही, दीपक शाही वि. नेपाल सरकार*

मृतक र प्रतिवादीबीच पूर्व रिसइवी वा झैझगडा भै प्रतिवादीले मृतकलाई मार्नेसम्मकै इवी लिएको भन्ने कुरा कतैबाट पुष्टि भएको छैन । मृतकसँग सुनको तिलहरी माग्दा नदिएको विषयमा विवाद भै तत्काल आवेशमा आई प्रतिवादीले मृतकको घाँटी थिचेको कारणले मृत्यु भएको तथ्य पुष्टि भएको देखिँदा प्रतिवादी दीपक शाहीलाई ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम १० वर्ष कैद सजाय हुने ।

इजलास अधिकृतः विदुर कोइराला

कम्प्युटरः विकेश गुरागाई

इति संवत् २०६८ साल फागुन ३ गते रोज ४ शुभम् ।

२

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री तर्कराज भट्ट,** फौ.पु.नं. २०६६-CR-०६४८, कर्तव्य ज्यान, *चैतु ठाकुर समेत वि. नेपाल सरकार*

जवर्जस्ती करणीको ८ नं. को व्यवस्थाको मनसाय कुनै जुलुमी व्यक्तिबाट कुनै पीडित महिलाको सतित्व नष्ट हुने स्थिति देखिएमा मात्र पीडित महिला स्वयंले केही गर्दा जुलुमीको ज्यान गएमा बात नलाग्ने भन्ने हो । सतित्व रक्षा हुने अवस्था भईकन पनि जुलुमीउपर ज्यान लिनेसम्मको कार्य गर्न पाइने भन्ने सो कानूनी व्यवस्थाको मर्म र उद्देश्य होइन । तसर्थ सतित्व रक्षाको लागि प्रतिवादी धनसरीले केही गरेको अवस्थामा मृतकको ज्यान गएको भन्ने नभई लातले अण्डकोषमा हानी मृतक भूइँमा लडिसकेपछि निज सुरक्षित तवरले मृतक शिवुलाल गणेशको पञ्जाबाट उम्किइसकेको स्थिति हुँदाहुँदै प्रतिवादीहरूले ज्यान लिने उद्देश्यले नै मृतकको घाँटीमा डोरी समेतले बाँधी निजउपर प्रहार गरी थिची हत्या गरेको र दुबैजना प्रतिवादी भई लास वारदास्थलभन्दा परको बाँसघारीमा लगी छोडेको समेत देखिँदा प्रस्तुत वारदातमा जवर्जस्ती करणीको ८ नं. को अवस्था आकर्षित नहुने ।

प्रतिवादीहरू रमेश भन्ने चैतु ठाकुर र धनसरी ठाकुरलाई अभियोग दावीबमोजिम ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जनही जन्मकैद हुने ।

घटनाको पृष्ठभूमि एवं वारदात हुँदाको परिस्थिति एवं प्रतिवादी धनसरी ठाकुरउपर मृतक शिवुलाल गणेशले पहिले पनि पटक-पटक जवर्जस्ती करणी गरेको भन्ने प्रतिवादीहरूको भनाई एवं वारदात समयमा समेत जवर्जस्ती करणी गर्ने उद्देश्यले निज धनसरीउपर मृतकले नै हातपात गरेका कारणबाट वारदात भएको अवस्था समेतलाई विचार गर्दा ठहरेबमोजिम सजाय गर्दा चर्को पर्ने एवं न्यायोचित समेत नहुने हुँदा अ.बं. को १८८ नं. बमोजिम निज प्रतिवादी रमेश भन्ने चैतु ठाकुर र धनसरी ठाकुरलाई जनही १० वर्ष कैद हुने ।

इजलास अधिकृतः विदुर कोइराला

कम्प्युटरः मुकुन्द विष्ट

इति संवत् २०६८ साल पुस २७ गते रोज ४ शुभम् ।

३

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री तर्कराज भट्ट,** फौ.पु.नं. २०६६-CR-०८४१, र फौ.पु.नं. २०६७-CR-०१००, कर्तव्य ज्यान, *अमीका राय यादव समेत वि. नेपाल सरकार, अमीन मिया वि. नेपाल सरकार*

कर्तव्य ज्यान जस्तो गम्भीर प्रकृतिको फौजदारी अपराधमा प्रतिवादीहरूले अदालतसमक्ष इन्कारी बयान दिएकै आधारमा मात्र निजहरूको निर्दोषिता पुष्टि हुने होइन । अनुसन्धानको सिलसिलामा संकलित सबूद प्रमाणहरूको अदालतबाट स्वतन्त्ररूमा मूल्याङ्कन हुँदा त्यस्ता प्रमाणहरू र परिस्थितिजन्य अवस्थाको मूल्याङ्कनबाट आरोपित अन्यथा तवरबाट खण्डित नभएसम्म केवल प्रतिवादीहरूको इन्कारी बयानको आधारले मात्र निष्प्रयोजित हुने होइन । मिसिल संलग्न सबूद प्रमाणहरूबाट कसूरमा प्रतिवादीहरूको संलग्नता मूलभूतरूपमा स्थापित भइरहेको अवस्थामा प्रतिवादीहरू अदालतमा इन्कार रहेको कारणले मात्र अदालतले छिद्रान्वेषण गरी अन्यथा निष्कर्ष निकाल्नु न्यायको दृष्टिकोणबाट उचित र आवश्यक नहुने ।

प्रतिवादीहरू अमीका राय यादव, अनीतादेवी यादव र अमीन मियाँलाई अभियोग दावीबमोजिम कसूरदार ठहऱ्याई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जनही जन्मकैद हुने ।

इजलास अधिकृतः विदुर कोइराला

कम्प्युटरः विकेश गुरागाई

इति संवत् २०६८ साल पुस २७ गते रोज ४ शुभम् ।

**इजलास नं. १**

१

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री प्रकाश वस्ती,** २०६३ सालको दे.पु.नं. ०६३-CI-०४११, ०५१७, निषेधाज्ञा, *गाउँ विकास समितिको कार्यालय, टंकिसिनवारी मोरङको तर्फबाट अख्तियारप्राप्त सीताराम कोइराला वि.जिल्ला मोरङ, विराटनगर उ.म.न.पा. वार्ड नं. ९ स्थित मोरङ व्यापार संघको तर्फबाट अख्तियारप्राप्त अध्यक्ष तथा आफ्नो हकमा समेत जीवन नेपाल समेत, जिल्ला विकास समिति, विराटनगर मोरङका तर्फबाट स्थानीय विकास अधिकारी प्रेमप्रकाश उप्रेती वि. जीवन नेपाल समेत*

पुनरावेदकले आफूले निर्माण गरेको वा आफूलाई हस्तान्तरण भइआएको सडकमा कर उठाइएको नभै कानूनले नै निषेध गरेको कोशी राजमार्गमा कर उठाएको तथा उक्त गा.वि.स. विदेशमा दर्ता भएको सवारी साधनको कर उठाउने उल्लिखित कानूनी व्यवस्थाको प्रयोजनका लागि पहिलो गा.वि.स. पनि नभएको हुनाले त्यस्तो कर उठाउन नपाउने हुँदा निवेदन मागअनुसार कुनै प्रकारको कर नलिनु नउठाउनु भनी टंकिसिनवारी गा.वि.स. तथा जिल्ला विकास समिति मोरङको नाममा निषेधाज्ञाको आदेश जारी हुने ।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम

कम्प्युटरः मञ्जिता ढुंगाना

इति संवत् २०६८ साल असार २८ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री तपबहादुर मगर र मा. न्या.श्री भरतराज उप्रेती,** २०६६ सालको रिट नं. ०५९८, परमादेश, *कर्पोरेट सोसल कन्सोर्टियमका तर्फबाट अधिकारप्राप्त, मेराज रोशन ठकुरी वि. अर्थ मन्त्रालय समेत*

कम्पनीले कम्पनी रजिष्ट्रारको कार्यालयको स्वीकृति विना आफ्नो उद्देश्य परिवर्तन गर्न सक्ने देखिदैन । कम्पनी ऐन, २०६३ को दफा १६७(१) को (झ) मा कम्पनी विघटन भएमा वा दर्ता खारेजीमा परेमा कम्पनीको ऋण तथा दायित्व फछ्र्यौट गरी बाँकी रहेको जायजेथा कम्पनीको नियमावलीमा कुनै व्यवस्था गरिएको भए सोहीबमोजिम र व्यवस्था नभएको नेपाल सरकारमा सर्नेछ । तर त्यस्तो जायजेथा कुनै पनि किसिमले त्यस्तो कम्पनीको संस्थापक वा सदस्य वा निजको नजिकको नातेदार वा निजको नजिकको नातेदार संस्थापक वा सदस्य भएको संस्था वा कम्पनीमा नसर्ने ।

मुनाफा वितरण नगर्ने विभिन्न सामाजिक, परोपकारी तथा कल्याणकारी संस्थाहरु पनि मुनाफा नकमाउने र मुनाफा वितरण गर्न नपाउने कम्पनीको रुपमा दर्ता भई संस्था दर्ता ऐन, २०३४ को भावनाबमोजिम सञ्चालन हुन सकुन् भनी कम्पनी ऐन, २०६३ को दफा १६६(क) मा पनि यस्ता सामाजिक परोपकारी संस्था स्थापना गर्न सकिने व्यवस्था रही ती संस्थाहरु संस्था दर्ता ऐन, २०३४ को भावनाअनुसार नै सञ्चालन होस् भन्ने विधायिकी मनसाय रही कानूनी व्यवस्था भएकोले कम्पनी ऐनको उल्लिखित

व्यवस्थाअनुसार मुनाफारहित कम्पनीको रुपमा स्थापना भई दर्ता भएको निवेदक संस्था (कम्पनी) लाई पनि आयकर ऐन, २०५८ को दफा २(ध)(१) तथा दफा १० को उद्देश्य तथा प्रयोजनको लागि मुनाफा आर्जन नगर्ने सामाजिक, परोपकारी तथा कल्याणकारी संस्थाकै रुपमा लिनुपर्ने ।

संस्था दर्ता ऐन, २०३४ अनुसार सार्वजनिक प्रकृतिका सामाजिक, धार्मिक, शैक्षिक वा परोपकारी उद्देश्य प्राप्तिको लागि दर्ता भएको वा स्थापना भएका संस्थाले मात्र आयकर ऐन, २०५८ को दफा २(ध)१ (क) अनुसार कर छूट पाउने संस्थाको मान्यता वा प्रमाणपत्र पाउने तर यस्तै उद्देश्य प्राप्तिका लागि नै अन्य प्रचलित कानून जस्तो कम्पनी ऐन, २०५८ को दफा ३(३), दफा ४(१) तथा १६६ अनुसार दर्ता भएका सामाजिक, धार्मिक, शैक्षिक परोपकारी वा सार्वजनिक संस्थाको रुपमा स्थापना वा दर्ता भएका संस्थाले आयकर ऐनको उक्त दफामा गरिएको व्यवस्थाअनुसार कर छूट पाउने संस्थाको मान्यता वा प्रमाणपत्र नपाउने भन्ने कानूनी व्यवस्था नभएको र संस्था ऐन, २०३४ र कम्पनी ऐन, २०६३ को दफा ३(३) तथा दफा १६६ मा गरिएको कानूनी व्यवस्थाको उद्देश्य तथा प्रयोजन समेत समान रहेको हुँदा संस्था दर्ता ऐन, २०३४ अनुसार दर्ता भएका संस्थाले मात्र आयकर ऐनको दफा २(ध) (१) अनुसार कर छूट पाउने संस्थाको मान्यता वा प्रमाणपत्र पाउने तर समान उद्देश्यको लागि कम्पनी ऐनको दफा ३(३) तथा दफा १६६ अनुसार मुनाफा नकमाउने कम्पनीको रुपमा दर्ता भएका कम्पनीले उक्त ऐनको दफा २(ध)(१) अनुसार कर छूट पाउने संस्थाको मान्यता वा प्रमाणपत्र नपाउने भन्ने निर्णय आफैंमा विभेदकारी भई नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३ को विपरीत हुने ।

इजलास अधिकृतः दीपक खरेल

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०६८ साल असार १२ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६४ सालको रिट नं. WO-१०३७, उत्प्रेषण, *इन्द्रदेवनारायण यादव समेत वि. गुलावदेवी यादव समेत*

कि.नं. ३५० को जग्गा आफ्नो अंशमा परेकोले दा.खा. सम्बन्धमा मालपोत कार्यालय सिरहामा यी रिट निवेदिका सुष्मा यादवले तर्फ कायम गरिपाऊँ भनी मुद्दा दिएको देखिन्छ भने वादी यी रिट निवेदक नारायण यादव भएको मिति २०५३।९।१५ को अबण्डा जग्गा बण्डा गरिपाऊँ भन्ने र प्रस्तुत तर्फसम्बन्धी कि.नं. ३५० को मिलापत्रबमोजिम फैसला कार्यान्वयन सम्बन्धको कारवाही, प्रस्तुत रिट निवेदन परेको आधारमा सिरहा जिल्ला अदालतको मिति २०६५।१२।१० को आदेशले मुल्तवीमा रहेको भन्ने देखिन आउँछ । यसरी रिट निवेदकले नै आफ्नो रिट निवेदन जिकीरमा उल्लिखित कि.नं. को तर्फ सम्बन्धको विवाद विचाराधीन रहेको तथ्यलाई स्वीकार गरिसकेपछि वैकल्पिक उपचार रहे भएको अवस्थामा रिट क्षेत्रबाट मातहत अदालतमा विचाराधीन विषयलाई असर पर्ने गरी बोल्न नमिल्ने ।

इजलास अधिकृतः दीपक खरेल

कम्प्युटरः मञ्जिता ढुंगाना

इति संवत् २०६८ साल बैशाख २८ गते रोज ४ शुभम् ।

४

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६६ सालको विविध फौ.नं. ०६६-MS-०००७, अदालतको अपहेलना, *मनोजकुमार दास वि. रामस्वरूप सिन्हा समेत*

अन्तरिम आदेश जारी भएको निवेदकले उल्लेख गरेको नं. ०६६-WO-२४२ को उत्प्रेषण जारी गरिपाऊँ भन्ने रिट निवेदन हेर्दा यी निवेदकले मधेशी दलितको आरक्षित कोटामा फाराम नभरेको हुँदा प्रतिष्पर्धा नै नगरेको आरक्षण समूहअन्तर्गत छनौट हुन पाउनुपर्छ भन्ने तर्क मुनासिब नभएकोले मागबमोजिमको आदेश जारी गर्न नमिल्ने हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम

कम्प्युटरः रामशरण तिमल्सेना

इति संवत् २०६८ साल असार ३० गते रोज ५ शुभम् ।

५

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६५ सालको दे.पु.नं. ०६५-CI-०५०१, लेनदेन, *राजकुमार भगत वि. मोती खाँ*

प्रतिवादीले पेश गरेको भरपाई विवादास्पद भएको र उक्त भरपाईमा परेको सही यी पुनरावेदक वादी राजकुमार भगतको हो भन्ने कुरा तथ्ययुक्त तरीकाले प्रमाणित हुन नसकेको अवस्थामा यी प्रतिवादीले वादीलाई रूपैयाँ तिर्न बुझाउन पर्ने गरी गरिदिएको कागजलाई यी प्रतिवादीले स्वीकार गरेको र उक्त लिखत फट्टा वा दरपीठ नभई यथावत मौजूद रहेको अवस्थामा वादी प्रतिवादी दुबै पक्षको मुख मिलेको लिखतलाई आधार लिई वादी दावीबमोजिम यी पुनरावेदक वादीले प्रतिवादीबाट साँवा ब्याज भराई पाउने ठहर फैसला गर्नुपर्नेमा सो नगरी विवादित भरपाईको लिखत जाँच गरी दिएको फरक फरक राय प्रतिवेदनमध्ये प्रमाण ऐन, २०३१ को दफा २३(७) को प्रक्रिया नै अवलम्बन नगरी पछिल्लो प्रतिवेदनमा व्यक्त रायलाई आधार प्रमाणमा ग्रहण गर्न नमिल्ने हुँदा पुनरावेदक राजकुमार भगतले वादी दावीबमोजिम प्रतिवादी मोती खाँबाट साँवा ब्याज समेत जम्मा रू. ३५,९००।- (पैतीस हजार नौसय) भराई लिन पाउने ।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम
कम्प्युटरः मञ्जिता ढुंगाना
इति संवत् २०६८ साल असार ३० गते रोज ५ शुभम् ।

६

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** रि.नं. ०६४-WO-०९२०, उत्प्रेषण परमादेश समेत, *नवराज बराल वि. सशस्त्र प्रहरी उपरीक्षक, बंगलामुखी विशेष कार्यदल गण, हलचोक समेत*

रिट निवेदक नवराज बराललाई स्पष्टीकरण सोधी निजले स्पष्टीकरण दिइसकेपछि सोही आधारमा कारवाही प्रक्रिया अगाडि बढाई उक्त कारवाहीलाई पूर्णता दिनुपर्नेमा सो नगरी स्पष्टीकरण सोधेको विषयलाई विषयान्तर गरी निजलाई भविष्यमा सरकारी नोकरीको निमित्त सामान्यतः अयोग्य नठहरिने गरी नोकरी सेवाबाट हटाउने गरी विपक्षी सशस्त्र प्रहरी बल बगलामुखी, विशेष कार्यालयबाट मिति २०६४।५।४ मा भएको निर्णय तथा सोलाई सदर गर्ने गरेको विपक्षी सशस्त्र प्रहरी महानिरीक्षक सशस्त्र प्रहरी बल प्रधान कार्यालयको मिति २०६४।६।२१ को निर्णय समेत उल्लिखित बाध्यात्मक कानूनी व्यवस्था तथा यस अदालतबाट प्रतिपादित सिद्धान्तको विपरीत भई त्रुटिपूर्ण देखिँदा उक्त दुबै निर्णयहरू उत्प्रेषणको आदेशद्वारा बदर भएकोले अब निजलाई पूर्ववत् सेवामा पुनर्बहाली गरी निजले उक्त अवधिमा नियमानुसार पाउने तलवभत्ता समेत दिनु भनी विपक्षीहरूको नाममा परमादेश समेत जारी हुने ।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम
कम्प्युटरः मञ्जिता ढुंगाना
इति संवत् २०६९ साल बैशाख १० गते रोज १ शुभम् ।

७

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री तर्कराज भट्ट,** २०६२/०६३ को दे.पु.नं. ८२२६, निर्णय बदर गरी सम्पत्ति फिर्ता पाऊँ, *बालचन्द्र पाण्डे समेत वि. मन्त्रिपरिषद् सचिवालय समेत*

दावीको २००२ सालको प्रधान न्यायालयको फैसला र सोउपर खडा भएको जग्गाको लगत तथा चलन पूर्जीअनुसार नापी हुँदा कायम भएको २२-१-१ मध्ये दावीको ३-१५-० जग्गाको चारकिल्ला र हाल दावी गरिएको जग्गाको चारकिल्ला भिड्छ, भिड्दैन फैसलामा पाएको भनिएको २२-१-१ जग्गामध्ये अरू जग्गाको अवस्था के छ भन्ने पुनरावेदन अदालतको मिति २०६१।३।६ को आदेशानुसार भएको मिति २०६२।२।१ मा भैआएको नक्सा मुचुल्काबाट यथार्थ अवस्था प्रष्ट हुने गरी खुलेको देखिएन । पुनरावेदन अदालत, सुर्खेतबाट उपरोक्त प्रमाणहरू नबुझी वादी दावी नपुग्ने ठहर निर्णय गरेको देखिँदा यो फैसला हुनु अघि वादीहरूको उक्त जग्गाको हकको अन्य वैध प्रमाणहरू छन् छैनन् भन्ने कुराको प्रमाणहरू नबुझी नापीमा उपस्थित भई दर्ता गराउन नसकेको वा विवाद जनाउन नसकेको भन्ने आधारले मात्र विवादित जग्गामा वादीको दावी पुग्न सक्दैन भनी पुनरावेदन अदालत, तुल्सीपुरबाट भएको निर्णय मिलेको नदेखिने ।

विवादित जग्गाको नक्सा मुचुल्का गर्ने वादीहरूलाई आफ्नो हकको अरू थप प्रमाण भए पेश गर्न लगाउनेलगायत जो बुझ्नुपर्ने प्रमाण बुझी पुनः निर्णय गर्नु भनी तारिखमा रहेका वादीलाई पुनरावेदन अदालत, तुल्सीपुरको तारिख तोकी यस अदालतको दायरीको लगत कट्टा गरी सक्कल मिसिल पुनरावेदन अदालत, तुल्सीपुर पठाई दिने ।

इजलास अधिकृतः कमलप्रसाद पोखरेल
कम्प्युटरः रामशरण तिमिल्सिना
इति संवत् २०६८ साल चैत १९ गते रोज १ शुभम् ।

८

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६६-WO-०७९३, उत्प्रेषणयुक्त परमादेश, *गोविन्द विश्वकर्मा वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग समेत*

विवादित जग्गा सार्वजनिक वा व्यक्ति विशेषको के हो भन्ने विषयमा कारवाही हुँदा निवेदकलाई समेत झिकाई कारवाहीमा सरीक गराएको देखिन्छ । मालपोत कार्यालय, दोलखाले प्रमाण कागजहरूको मूल्याङ्कन गरी आफूकहाँ दायर रहेको विचाराधीन मुद्दामा निर्णय गर्ने र सोउपर चित्त नबुझेको अवस्थामा मुद्दाका पक्षहरूले पुनरावेदन गर्न सक्ने नै देखिँदा साधारण अधिकारक्षेत्रअन्तर्गतको कारवाहीको प्रक्रिया चालु रहेको अवस्थामा सोही विषयलाई लिएर यस अदालतले रिट क्षेत्रबाट हस्तक्षेप गर्न उपयुक्त देखिन नआउने ।

निवेदकले दावी गरेको जग्गाको विषयमा मालपोत कार्यालय, दोलखाले निजलाई समेत झिकाई विचाराधीन रहिरहेकोले उक्त कार्यालयबाट हुने निर्णयमा चित्त नबुझेको अवस्थामा सोउपर कानूनबमोजिम पुनरावेदन गर्ने हक सुरक्षित रहेको साथै निवेदकको अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट भएको निर्णयमा समेत चित्त नबुझेको अवस्थामा विशेष अदालतमा पुनरावेदन गर्नसक्ने वैकल्पिक उपचारको मार्ग समेत रहेकोले निवेदकको मागबमोजिमको आदेश जारी गर्न मिल्ने अवस्थाको विद्यमानता देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः गायत्रीप्रसाद रेग्मी
कम्प्युटरः मञ्जिता ढुंगाना
इति संवत् २०६८ साल चैत १ गते रोज ४ शुभम् ।

९

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री कमलनारायण दास,** २०६७ सालको रिट नं. ०६७-WO-०४८०, परमादेशसहितको उत्प्रेषण समेत, *नेपाल बंगलादेश बैंक लि. शाखा कार्यालय, धनुषाको तर्फबाट अख्तियारप्राप्त ऐं बैंकका महाप्रवन्धक गोविन्दबाबु तिवारी वि.कार्तिका कन्स्ट्रक्शन प्रा.लि. समेत*

उत्प्रेषणको आदेश कुनै न्यायिक, अर्धन्यायिक वा प्रशासनिक निकायको निर्णय वा कामकारवाहीमा कानूनको प्रत्यक्ष त्रुटि देखिएमा वा क्षेत्राधिकारको अभाव देखिएमा सो निर्णय वा कारवाही बदर गर्नको लागि जारी हुने हो । प्रस्तुत रिटमा उल्लिखित आधार र कारणहरूबाट रिट निवेदकले जिकीर लिएबमोजिम ऋण असूली न्यायाधिकरणको मिति २०६७।१।१५ को निर्णय तथा सोलाई सदर गर्ने गरेको ऋण असूली पुनरावेदन न्यायाधिकरणको मिति २०६७।५।३० को निर्णयमा कानूनी त्रुटिको अवस्था नदेखिँदा रिट निवेदन मागबमोजिम आदेश जारी गर्न मिलेन । तसर्थ प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम
कम्प्युटरः मञ्जिता ढुंगाना
इति संवत् २०६८ साल फागुन ५ गते रोज ६ शुभम् ।

- यसै लगाउको २०६७ सालको रिट नं. ०६७-WO-०५०२, परमादेशसहितको उत्प्रेषण समेत, *नेपाल बंगलादेश बैंक लि. शाखा कार्यालय, धनुषाको तर्फबाट अख्तियारप्राप्त ऐं बैंकका महाप्रवन्धक गोविन्दबाबु तिवारी वि.कार्तिका कन्स्ट्रक्शन प्रा.लि. समेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ ।

१०

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री कमलनारायण दास,** २०६८-RC-००७५, कर्तव्य ज्यान, *नेपाल सरकार वि.शान्ति कवर*

मिसिल संलग्न तथ्य प्रमाणहरूले प्रतिवादी शान्ति कवर घटना हुँदाका अवस्थामा आफूले गरेको कार्यको प्रकृति र परिणाम थाहा पाउन सक्ने अवस्थामा रहेको देखिए पनि निज प्रतिवादीलाई निजका बाबुले मानसिक रोगको उपचार गराउन भारत गोरखपुर लगेको भन्ने तथ्य मिसिलबाट देखिएको छ । घटना भएपश्चात् मानसिक अस्पताल, ललितपुरमा जाँच हुँदा पनि मानसिक रोग सिजोफ्रेनिया भएको भन्ने तथ्यहरूले निज प्रतिवादी घटना हुँदाका अवस्थामा कुनै न कुनै रूपमा मानसिक समस्याबाट पीडित रहेको भन्ने तथ्यमा शंका गर्नुपर्ने अवस्था देखिएन । सो बाहेक प्रतिवादीले आफ्नै बाबुलाई मार्नुपर्नेसम्मको पूर्व रिसइबी पनि केही देखिँदैन । प्रतिवादीको उमेर र घटना हुँदाको समग्र परिस्थितिलाई विचार गर्दा प्रतिवादी शान्ति कवरलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको

१३(१) नं. अनुसार सर्वश्वसहित जन्मकैद गर्दा चर्को पर्ने देखिएकोले मुलुकी ऐन, अ.बं. १८८ नं. अनुसार निजलाई ८(आठ) वर्ष कैद गरिएमा पनि सजायको मकसद पूरा हुने ।

इजलास अधिकृतः कमलप्रसाद पोखरेल

कम्प्युटरः रामशरण तिमल्सेना

इति संवत् २०६९ साल बैशाख २९ गते रोज ६ शुभम् ।

११

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री कमलनारायण दास,** २०६८-CI-०९३५, अवैध मोही लगत कट्टा, *कृष्णबहादुर प्रसाद साह वि. मु.स. गर्ने परेखिया दुसाधनी*

शुरू तहदेखि प्रतिवादीले पेश गरेको प्रमाणहरूलाई वादीले अन्यथा हुन् भन्न नसकेको हुँदा सर्वोच्च अदालतमा पुनरावेदन गर्दा अ.बं. ७८ नं. बमोजिम रीत नपुर्‍याएको भन्ने जिकीर लिएको आधारले मात्र प्रतिवादीले पेश गरेका भरपाईहरूलाई प्रमाणमा लिन अस्वीकार गर्न नमिल्ने ।

प्रतिवादीका पति ननिपत हजरा दुसाधको नाम वादी दावीको कि.नं. १४६ को जग्गाको जग्गाधनी प्रमाणपूर्जामा तथा उक्त जग्गाको फिल्डबुकमा जनाइएको देखिनुका साथै वादीले प्रतिवादीलाई मोही स्वीकार गरी निजबाट बाली बुझी भरपाई समेत गरी दिएको देखिँदा अवैध मोही लगत कट्टा गरिपाऊँ भन्ने वादी दावी पुग्न नसक्ने ।

इजलास अधिकृतः कमलप्रसाद पोखरेल

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०६९ साल बैशाख २९ गते रोज ६ शुभम् ।

१२

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री कमलनारायण दास,** २०६६-CI-११९९, मोही लगत कट्टा, *संगीता बोहरा कार्की वि. विराम चौधरी*

प्रतिवादीले भूमिसम्बन्धी ऐनले मोहीको लागि तोकेको अधिकतम् हदबन्दी ४-०-० भन्दा बढी ५-५-१८ जग्गा मोहीको हैसियतले प्राप्त गरिसकेको वादीको कि.नं. २५३ को ०-५-० जग्गाबाट मोही लगत कट्टा गरिपाऊँ भन्ने वादीको मुख्य जिकीरमा यस अदातलमा वादीको मुद्दा दोहोर्‍याउने निवेदन परी निस्सा प्रदान भइसकेपछि यसै मुद्दासँग सम्बन्धित रहेको मोही बाँडफाँड मुद्दामा मिति २०६८।८।७ मा भूमिसुधार कार्यालय, सुनसरीमा दुबै पक्षको मञ्जूरीका साथ मिलापत्र भईसकेको भनी मिलापत्रको छायाँप्रतिसहित वादीको वारेसले मिति २०६८।८।९ मा यस अदालतमा निवेदन दिएको देखिँदा मोही लगत कट्टा हुनुपर्ने भन्ने वादीको पुनरावेदन जिकीरको कुनै औचित्य नरहेकोले वादी दावी पुग्न नसक्ने ।

इजलास अधिकृतः कमलप्रसाद पोखरेल

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०६९ साल बैशाख २९ गते रोज ६ शुभम् ।

- यसै प्रकृतिको २०६६-CI-१२००, मोही लगत कट्टा, *विनोद कार्की वि. विराम चौधरी* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

## इजलास नं. २

१

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री प्रकाश वस्ती,** ०६४-CI-१०५०, निषेधाज्ञा, *श्री सेनचेन छोइलिङ्ग गुम्बा समितिको अधिकार लिई आफ्ना हकमा समेत प्रेमदोर्जे बल लामा वि. विष्णुप्रसाद अधिकारी समेत*

निवेदक गुम्बा अधिकारप्राप्त निकायमा दर्ता रहेको भए पनि गुम्बा निर्माण गरी सञ्चालनमा रहेको भनिएको विवादित स्थान (जग्गा) दर्ता रहेको भनी देखाउन नसकेको अवस्थामा सो जग्गामा निवेदकको निर्विवाद हक निहीत रहेको नदेखिएको हुँदा निवेदकको मागबमोजिम आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता रहेको नदेखिँदा निवेदकको जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृतः पुष्पराज थपलिया

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६८ साल चैत १४ गते रोज ३ शुभम् ।

- यसै लगाउको ०६४-CI-१०४९, परमादेश, *जिल्ला नवलपरासी शिवमन्दिर गा.वि.स. वडा नं. ८ कोइलापानीस्थित श्री सेनचेन छोइलिङ्ग गुम्बा समितिको अधिकार लिई आफ्ना हकमा समेत प्रेमदोर्जे बल लामा वि.लुम्बिनी अञ्चल प्रहरी कार्यालय, लुम्बिनी रूपन्देही समेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

२

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री भरतराज उप्रेती,** ०६५-CI-०३४१, बाली भराई मोही निष्काशन, *मु.स. गर्ने मधु खड्का वि. पञ्चलाल चक्रधर*

दावीको कि.नं. ३८६ को जग्गाबाट २०५६ सालको बालीका सम्बन्धमा यिनै पक्ष विपक्षबीचमा चलेको मुद्दामा मोही निष्काशन हुने ठहऱ्याई पुनरावेदन अदालत, पाटनबाट भएको फैसला अन्तिम भएर बसेको अवस्थामा समेत २०५७ सालको सोही जग्गाको बालीका सम्बन्धमा परेको प्रस्तुत मुद्दामा कुतबाली भराउने र मोही समेत निष्काशन हुने ।

इजलास अधिकृतः पुष्पराज थपलिया
कम्प्युटरः बिपनादेवी मल्ल
इति संवत् २०६८ साल फागुन १९ गते रोज ६ शुभम् ।

३

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** ०६८-RC-००३२, कर्तव्य ज्यान, *नेपाल सरकार वि. विनोद यादव*

मिसिल संलग्न रहेको प्रतिवादीको अधिकारप्राप्त अधिकारीसमक्षको साविती बयान सोही बयानका आधारमा बरामद भएको लास र कपडाहरू, त्यसलाई मृतक नारायणी यादवका बाबुले गरिदिएको सनाखत, अलगट्ट चमारले मौकामा गरिदिएको कागजलगायतका मिसिल संलग्न परिस्थितिजन्य प्रमाणहरूबाट यी प्रतिवादी विनोद यादवउपर लागेको अभियोग शंकारहित तवरले प्रमाणित भइरहेको हुँदा प्रतिवादी विनोद यादवलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय हुने ।

इजलास अधिकृतः पुष्पराज थपलिया
कम्प्युटरः वेदना अधिकारी
इति संवत् २०६८ साल चैत १२ गते रोज १ शुभम् ।

४

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** ०६५- CR-०२०९, RC-०६०, कर्तव्य ज्यान, *नेपाल सरकार वि. सन्तोष जवेगू समेत, नेपाल सरकार वि. सन्तबहादुर जवेगू*

प्रतिवादी सन्तबहादुर जवेगूको अनुसन्धान अधिकारी एवं अदालतसमक्ष कसूरजन्य कुरालाई स्वीकार गरी भएको साविती बयान, सहप्रतिवादी सन्तोष जवेगू र हर्कबहादुर लिम्बू समेतको पोल, घटनाको प्रत्यक्षदर्शीहरूको मौकामा भएको कागज, शव परीक्षण प्रतिवेदन एवं जाहेरवाला तथा वस्तुस्थिति मुचुल्काका मानिसहरू एवं घटनाका प्रत्यक्षदर्शीहरूले अदालतमा आई गरिदिएको बकपत्र समेतका मिसिल संलग्न कागजातबाट मृतक सुरेश दियालीको मृत्यु प्रतिवादी सन्तबहादुर जवेगूले प्रहार गरेको छूरीको चोटबाट अत्याधिक रक्तस्राव भई भएको भन्ने पुष्टि हुन आएबाट निजलाई ज्यानसम्बन्धी महलको १३(१) नं बमोजिम सर्वश्वसहित जन्मकैद हुने ।

प्रतिवादी सन्तोष जवेगू र हर्कबहादुर लिम्बू वारदातस्थलमा उपस्थित भएको देखिए पनि अभियोग दावीबमोजिमको कसूरमा निज प्रतिवादीहरूको संलग्नता रहेको भन्ने शंकारहित तवरबाट ठोस एवं तथ्ययुक्त प्रमाणबाट पुष्टि हुन आएको देखिएन । ठोस तथा निश्चयात्मक प्रमाणको अभावमा शंका एवं अनुमानको आधारमा मात्र यी प्रतिवादीहरू हर्कबहादुर लिम्बू र सन्तोष जवेगूलाई कसूरदार ठहऱ्याउन न्यायोचित् नहुने ।

इजलास अधिकृतः बासुदेव पौडेल
कम्प्युटरः बेदना अधिकारी
इति संवत् २०६८ साल चैत २८ गते रोज ३ शुभम् ।

५

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री तर्कराज भट्ट,** २०६७ सालको दे.पु.नं. CI-०३०५, निषेधाज्ञा, *नारायण मण्डल वि. श्री शिवशक्ति प्राथमिक विद्यालय, सिरहा समेत*

पुनरावेदकको जग्गाका पूर्वी भाग सडकसँग जोडिएको देखिएको, कि.नं. १५२३ र १५२५ को प्रयोग बिना नै निवेदक सडकसम्म पुग्न सक्ने अवस्था देखिएको, पुनरावेदकले दावी गरेको जग्गामा लाहान नगरपालिकाबाट लागत अनुमान स्वीकृत भै विद्यालयले पर्खाल निर्माण गर्न लागेको देखिएको, प्रत्यर्थीहरूको कार्यले धर्मलोप हुने, निकास बन्द हुने तथा यी पुनरावेदकको कानूनप्रदत्त हकको हनन् हुने आशंकाको स्थिति विद्यमान नदेखिएकोले निवेदन दावी पुग्न नसक्ने ।

इजलास अधिकृतः बासुदेव पौडेल
कम्प्युटरः बेदना अधिकारी
इति संवत् २०६८ साल फागुन ११ गते रोज ५ शुभम् ।

६

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री तर्कराज भट्ट,** २०६७ सालको दे.पु.नं. CI-०९४७, निषेधाज्ञा, *राजीव मानन्धर वि. जिल्ला विकास समितिको कार्यालय, रौतहट, गौर समेत*

निर्माण हुन लागेको भनिएको शौचालय निवेदकको कि.नं. १५६ को जग्गा अतिक्रमण गरी बनाउन लागेको नदेखिएको, उक्त निर्माणाधीन शौचालयका सम्बन्धमा नै निवेदक रिपुमर्दनप्रसाद गुप्ताको रिट नं. २३७ को निषेधाज्ञा मुद्दा पुनरावेदन अदालत, हेटौंडामा परी उक्त रिट खारेज हुने ठहरी फैसला भएको भन्ने मिसिल संलग्न कागजातबाट देखिएको र सोही विषयमा परेको प्रस्तुत मुद्दामा निर्माणाधीन शौचालय नयाँ जग्गामा बन्न लागेको नभई साविकदेखि कायम रहेको यात्रु प्रतीक्षालयलाई नै पर्खालले घेरी सार्वजनिक शौचालय बनाउन लागिएको भन्ने विपक्षीहरूको लिखित जवाफबाट देखिन आएबाट उक्त कार्यले निवेदकको कानूनप्रदत्त हक अधिकारमा असर पर्ने आशंकाको स्थिति नदेखिने ।

इजलास अधिकृतः बासुदेव पौडेल

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६८ साल फागुन ११ गते रोज ५ शुभम् ।

७

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री तर्कराज भट्ट,** २०६७ सालको दे.पु.नं. CI-१०२३, निषेधाज्ञा, *धनबहादुर खड्का वि. जिल्ला प्रशासन कार्यालय, बाँके समेत*

पुनरावेदक धनबहादुर खड्काको पत्नी लीलादेवी र प्रत्यर्थीमध्येका रमेश थापाबीच भएको करारमा विवाद उत्पन्न भएमा आपसी सहमतिबाट नै विवादको समाधान गर्ने र सो हुन नसकेमा बाँके जिल्ला अदालतबाट विवादको निप्टारा गर्ने भन्ने उक्त मिति २०६५।१२।१७ को करारनामामा उल्लेख भएको देखिन्छ । उक्त करारको पालना नभएमा मर्का पर्ने पक्ष सम्बन्धित जिल्ला अदालतमा कानूनी उपचारका लागि जान सक्ने नै देखिन्छ । आफ्नो क्षेत्राधिकार नभएको विषयमा प्रत्यर्थी जिल्ला प्रशासन कार्यालय समेतबाट यी पुनरावेदकलाई पक्राउ गरेको वा गर्ने अवस्था रहेको वा कागज गराउने समेतको आशंका रहेको भन्ने निवेदकको कथनबाहेक मिसिल संलग्न कागजातबाट पुष्टि हुन आएको नदेखिँदा शान्ति सुरक्षाका सम्बन्धमा कानूनबमोजिम विपक्षीबाट गरिएको कारवाहीबाट निवेदकको हकहितमा असर पुग्न जाने भन्न नमिल्ने हुँदा निवेदकको पुनरावेदन जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृतः बासुदेव पौडेल

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६८ साल फागुन ११ गते रोज ५ शुभम् ।

८

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री तर्कराज भट्ट,** २०६७ सालको दे.पु.नं. CI-१२५६, निषेधाज्ञायुक्त परमादेश, *सरोजानन्द झा वि. श्री संस्कृत उच्च माध्यमिक विद्यालय, मत्सरी, रौतहट समेत*

निवेदनमा उल्लिखित विद्यालय उच्च मा.वि. रहेको भन्ने देखिएको, पुनरावेदक निवेदकले दावी गरेको पद उच्च मा.वि.को प्रधानाध्यापक रहेको भन्ने देखिएको, प्रधानाध्यापकका लागि सिफारिश गरिएका प्रभाषकुमारको शैक्षिक योग्यता स्नातकोत्तर उत्तीर्ण भई उक्त सिफारिश कानूनअनुरूपकै देखिएको तथा कुन कानूनद्वारा प्रदत्त हक हितमा आघात पुग्न गएको हो सो कुरा पुनरावेदकबाट स्पष्ट रूपमा खुलाउन सकेको नदेखिएकोले प्रत्यर्थी विद्यालय व्यवस्थापन समितिले प्रभाषकुमार ठाकुरलाई संस्कृत उच्च मा.वि. मत्सरी रौतहटको प्रधानाध्यापक पदमा गरेको सिफारिशलाई अन्यथा भन्न नमिल्ने ।

इजलास अधिकृतः बासुदेव पौडेल

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६८ साल फागुन ११ गते रोज ५ शुभम् ।

९

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री तर्कराज भट्ट,** २०६७ सालको दे.पु.नं. CI-१४०८, निषेधाज्ञा, *भरतनाथ योगी वि. तुल्सीपुर नगरपालिका कार्यालय, दाङ्ग समेत*

नक्सा प्रिन्ट, सम्बन्धित स्थानको तस्वीरहरू एवं विपक्षीहरूको लिखित जवाफ समेतका मिसिल संलग्न कागजातबाट यी पुनरावेदकले अतिक्रमण गरियो भनी दावी लिइएको स्थानमा साविकदेखि पक्की नाला निर्माण भैसकेको भन्ने देखिएको तथा उक्त स्थानमा

सर्वे नापीकै समयमा ५ मीटरको बाटो कायम रहेको भन्ने देखिएबाट निवेदकको जग्गा मिची बाटो निर्माण गर्न लागिएको भन्ने यी भरतनाथ योगीको निवेदन एवं पुनरावेदन जिकीर पुष्टि हुन नआएकोले निवेदन दावीबमोजिम निवेदकको जग्गा कब्जा गरी सडक निर्माण गर्ने आशंकाको स्थिति विद्यमान रहेको नदेखिएबाट निवेदन खारेज हुने ।

इजलास अधिकृतः बासुदेव पौडेल
कम्प्युटरः बेदना अधिकारी
इति संवत् २०६८ साल फागुन ११ गते रोज ५ शुभम् ।

## इजलास नं. ३

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री प्रकाश वस्ती,** २०६७-CI-०६१८, अंश, *रामगोपाल चमार समेत वि. कलावती चमार*

बाबुको मृत्युपश्चात् कुनै एक जना अंशियारलाई जग्गाधनीले पत्याएकै भरमा अरू अंशियारको सो सम्पत्तिबाट नाता टुट्छ भनेर अर्थ गर्न मिल्दैन । अंशबण्डा नभई एकासगोलमा रहेको अवस्थामा मोहियानी कायम रहेको परिवार सदस्यको मृत्युपछि अर्को परिवार सदस्यका नाममा प्राप्त भएको जग्गा सो प्राप्त गर्ने दाजु वा भाइको वा परिवार सदस्यको निजी आर्जनको बण्डा नहुने सम्पत्ति हो भनी मान्नु न्याय तथा कानूनसम्मत् नहुने ।

अंशबण्डाको १८ नं. को निजी ज्ञान सीपबाट आर्जन गरेको सम्पत्ति भनेको नितान्त आफ्नो पालामा आफ्नो मात्र श्रम सीप परेको अर्थात् सोको कारण प्राप्त भएको र ज्ञानको कारणले आर्जन भएका सम्पत्ति मान्नु पर्दछ । उक्त अंशबण्डाको १८ नं. को अर्थ, मनसाय र प्रयोजन पनि यति हो । पैतृक सम्पत्ति वा पूर्वजको कुनै योगदान नभएको सम्पत्ति मात्र निजी हो । तर, पूर्वज वा अभिभावकले कर्तव्यस्वरूप कुनै परिवारको सदस्यका लागि शिक्षा, स्वास्थ्य र लालनपलन गर्ने योगदानलाई भने पैतृक वा पूर्वजको योगदानका वर्गमा राख्न नमिल्ने ।

अंशबण्डाको १८ नं. ले बाबु मोही रहेको, निजको देहान्तपछि एउटा छोरामा जग्गाधनीको रोजाइका कारणले मानो छुट्टिनु अघि नै आएको सम्पत्तिलाई निजी मान्न नमिल्ने ।

सम्पत्ति आर्जनमा सगोलका परिवार सदस्य सबैको श्रम, सीप परेको छ भने त्यसमा कसैको पनि हक नमरोस् र कुनै एक व्यक्तिको मात्र निजी ज्ञान, सीप र श्रम परेको छ भने त्यसमा अरूलाई भागबण्डा गर्न कर नलागोस् भन्ने विधिकर्ताको मनसाय अंशबण्डाको १८ नं. बाट परिभाषित परिलक्षित हुने ।

बाबुको पालादेखि नै एकासगोलका परिवारका सदस्यमा नाउँमा रहेको जग्गा बाबुको मृत्युपश्चात् कुनै एक सन्तानका नाउँमा मोहियानी हक प्राप्त भएकै आधारमा त्यसमा परिवारका अन्य सदस्यको हक हुँदैन भन्ने हो भने यो तर्क भूमिसम्बन्धी ऐन, २०२१ को दफा २(ख) मा उल्लिखित भावनाको प्रतिकूल हुनजान्छ र अंशबण्डाको १८ नं. को भावनाअनुकूल पनि नहुने ।

मोहियानीमा रहेको सम्पत्ति जग्गाधनी र मोहीबीच भूमिसम्बन्धी ऐन, २०२१ को संशोधित दफा २६ख, २६ग र २६घ बमोजिम विभाजित भएपछि सो मोहीका हैसियतले प्राप्त सम्पत्ति सगोलका अंशियारबीच अंशबण्डाको १ र १८ नं. समेतबमोजिम बण्डा हुने ।

आफ्नै पालामा मोहियानी प्राप्त गरेको मोहीको नाताले आफूमा स्वामित्व आएको अवस्था र बाबु बाजे समेतका पूर्वजको मोहियानी निजको मृत्युपछि जग्गाधनीले रोजिदिएको कारणले सरिआएको अवस्थालाई समान मान्न मिल्दैन । जग्गाधनीले रोजिदिएको वा छोडपत्र समेत गरिदिएको कारणले मात्र कुनै मोहियानीको सम्पत्ति अंशबण्डाको १८ नं. को प्रयोजनका लागि निजी श्रम, सीप र प्रयासको आर्जन मान्न मिल्दैन । मोहियानी छोडपत्र वा जग्गाधनी र मोहीबीचको बाँडफाँडका माध्यमले कसैलाई प्राप्त हुन्छ भने त्यो उसको निजी श्रम सीप र प्रयासको आर्जन मानी सो जग्गामा समान रूपले खेती गर्ने अन्य अंशियारलाई बण्डा नहुने मान्न अंशबण्डाको १८ नं. भूमिसम्बन्धी ऐन, २०२१ को दफा २(ख) र २६(१) को परिप्रेक्ष्यमा न्यायसंगत् नहुने ।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय
कम्प्युटरः निर्मला भट्ट
इति संवत् २०६८ साल चैत २२ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती,** २०६६-WO-१०१०, उत्प्रेषण, *बसकलियादेवी खुलवट समेत वि. हरदेवमान जोशी समेत*

भूमिसुधार कार्यालय, पर्सामा निर्मला जोशीले मिति २०५१।१।४ मा दिएको निवेदनको भरमा बुझ्नुपर्ने आवश्यक सबूद प्रमाण केही नबुझी सोही दिन हकभोग गर्ने व्यक्तिलाई मुद्दामा समावेश नै नगरी प्राकृतिक न्याय सिद्धान्त समेतको विपरीत गरी मोही लगत कट्टा गरेको फैसला बदर गर्न आफ्नो हकमा उजूर गरी उपचार प्राप्त गर्न सक्ने नै देखिँदा निवेदन मागबमोजिम मिति २०५१।१।४ को भूमिसुधार कार्यालय, पर्साले गरेको फैसला बदर गर्न दिएको फिरादबाट प्रमाणको मूल्याङ्कन गरी इन्साफ दिनुपर्नेमा इन्साफ प्राप्त गर्ने ढोका नै बन्द गरी दरपीठ गर्ने गरेको सोही कार्यालयको मिति २०६६।१२।१ गतेको दरपीठ आदेश र सो आदेशलाई सदर गर्ने गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६६।१२।६ को आदेश मिलेको नदेखिँदा उत्प्रेषणको आदेशद्वारा बदर गरी दिएको छ । अब मागबमोजिमको फैसला बदर मुद्दा दर्ता गरी कानूनबमोजिम जे जो प्रमाण बुझ्न आवश्यक हुन्छ बुझी इन्साफ गर्नु भनी विपक्षी भूमिसुधार कार्यालय, पर्साका नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६८ साल माघ १८ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६६ सालको RC-००७३, कर्तव्य ज्यान, *नेपाल सरकार वि. अशोक गिरी समेत*

प्रतिवादीहरूले हरिवंशमणि त्रिपाठीलाई कर्तव्य गरी मारी वारदातका दिनदेखि नै फरार रही अदालतबाट जारी म्यादमा समेत अदालतमा उपस्थित भई निर्दोषिताको सबूद प्रमाण पेश गरी सफाइ लिन नसकी हालसम्म पनि फरार रहेको देखिन्छन् । मृतकको मृत्यु गोली प्रहार गरी कर्तव्यबाटै भएको भन्ने घटनास्थल, लासजाँच प्रकृति मुचुल्का, पोष्टमार्टम रिपोर्ट तथा घटनामा घाइते प्रत्यक्षदर्शी जाहेरवालीको भनाई समेतबाट पुष्टि र प्रमाणित भइरहेको पनि छ । यसरी कसूर अपराध गरी हालसम्म फरार नै रही आफूहरूले गरेको कसूर अपराधबाट हुने दण्ड सजायबाट बच्न भागी रहेका यी प्रतिवादीहरूले ज्यान मार्न उद्यत भई प्रत्यक्ष सहभागी भै हरिवंशमणि त्रिपाठीको ज्यान मारेको पुष्टि हुँदा निज प्रतिवादीहरू आनन्द भन्ने अशोक गिरी, चन्द्रिका खरविन्द, राम किसुन बरई, पाचु यादव र लौटन पासीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वश्वसहित जन्मकैद र प्रतिवादी फुलचन्द कुर्मी चौधरीलाई सोही महलको १३(४) नं. बमोजिम जन्मकैद हुने ।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल

कम्प्युटरः सुदीप पंज्ञानी

इति संवत् २०६८ साल असार २४ गते रोज ६ शुभम् ।

४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६७ सालको CR-०६५०, ००८८, कर्तव्य ज्यान, *भोला महरा वि. नेपाल सरकार, नेपाल सरकार वि. जुमराती कवारी समेत*

प्रतिवादीहरूले मिति २०५३।९।१३ गतेको दिन मृतक किशोरी साहलाई घर बाहिर निस्केको मौकामा फर्सा, माला समेत लिई भाग्न उम्कन नपाउने गरी कुटपीट गरी ज्यानसम्बन्धी महलको १३(१) नं. वर्णित धार भएको वा नभएको जोखिमी हतियार गैह्रले हानी, रोपी, घोची ज्यान मारेमा जतिजना भै हतियार छाडेको छ उति जना ज्यानमारा ठहर्छन् भन्ने कानूनी व्यवस्था रहेको र यी प्रतिवादीहरू पनि हातमा फर्सा भाला समेतका हतियार लिई मृतक किशोरी साह माथि प्रहार गरी कसूर अपराध गरेको देखिन्छ । यी प्रतिवादीहरू जुमराती कवारी र भोला साहले फर्सा र भाला बोकेको भन्ने प्रत्यक्षदर्शी घाइते मोहित साहको भनाई रहेको र मृतकको मृत्युको कारण पोष्टमार्टम रिपोर्टबाट Head Injury and Injury to brain by heavy and cutting weapon like axe भन्ने देखिँदा निज प्रतिवादीहरूले बोकेको हतियार प्रहार गरी घाइते बनाएका र उपचारका क्रममा मृत्यु भएको देखिन्छ । यी प्रतिवादी बाहेक वारदातस्थलमा उपस्थित अन्य प्रतिवादीहरूको सँग साथमा यो यस्तो हतियार रहेको भन्ने निज प्रत्यक्षदर्शी समेतले भन्न

नसकेको र मृतकको मृत्यु Heavy and cutting weapon like axe बाट भएको भन्ने पुष्टि हुँदा यी प्रतिवादीहरूको वारदातमा प्रत्यक्ष संलग्नता रहेको र निजहरूले गरेको प्रहारबाट मृत्यु भएको पुष्टि हुँदा प्रतिवादी भोला साह र जुमराती कवारीलाई उक्त ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिमको कसूर अपराधमा सर्वश्वसहित जन्मकैदको सजाय हुने ।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल

कम्प्युटरः भवानी ढुंगाना

इति संवत् २०६८ साल जेठ २९ गते रोज १ शुभम् ।

## इजलास नं. ४

१

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या. श्री भरतराज उप्रेती,** ०६७-WO-०७७३, उत्प्रेषण, *यमप्रसाद विश्वकर्मा वि.नेपाल सि.एस.आइ. डेभलपमेन्ट बैंक लि. हेरिटेज प्लाजा समेत*

आफूले बैंकबाट लिएको कर्जा रकमको साँवा व्याज तिर्न बुझाउन नसकेमा सोही जग्गाबाट असूलउपर हुन मञ्जूर गरी जग्गाको मूल्याङ्कन समेत गराई ऋण लिएको कुराको आफ्नो निवेदन लेखबाट समेत आत्मसात गरेको देखिन्छ । यसरी ऋणीले ऋण लिँदा आत्मसात गरी स्वीकार गरेको दायित्वलाई ऋण फरफारक गर्नुपर्ने समय सीमा व्यतित भइसकेपछि विपक्षी बैंकले कानूनी प्रक्रियाद्वारा पूरा गरी असूल गर्न गराउन सक्ने ।

ऋण खाएपछि तिर्न पनि सक्नु पर्दछ र बैंकले पनि तिर्न सक्ने मान्यता राखी ऋण दिने गर्दछ । ऋणीले ऋण नतिरे राज्यले निर्माण गरेको कानूनी दायराभित्र रही अधिकारप्राप्त निकायले तोकिएको कानूनद्वारा तोकिएको कार्यविधि वा मापदण्ड पूरा गरी ऋणीले बैंकमा राखेको धितो सुरक्षण लिलाम बिक्री गरी वा आफैले सकार गरी आफ्नो लेना साँवा व्याज समेतको रकम असूलउपर गर्न सक्छ । तर आफ्नो साँवा व्याज असूलउपर गर्ने क्रममा ऋणीलाई उचित र प्रयाप्त मौका दिइनु पर्ने ।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल

कम्प्युटरः सरस्वती पौडेल

इति संवत् २०६८ साल भदौ २३ गते रोज ६ शुभम् ।

२

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या. श्री भरतराज उप्रेती,** ०६४-WO-०६२२, परमादेश समेत, *केशवकान्त पौडेल वि. राष्ट्रिय वाणिज्य बैंक, केन्द्रीय कार्यालय, सञ्चालक समिति समेत*

अनियमित कार्य गरेको अभियोगमा कारवाही गरी २ ग्रेड घटुवा गर्ने गरी भएको निर्णयउपर निज निवेदकले पुनरावेदन गरेको र सो पुनरावेदन पत्रमा कारवाही गरी निजउपर भएको कारवाही सदर कायम भएको र निज निवेदकउपर लागेको अभियोगको कारवाहीको सिलसिलामा निलम्बनमा परेको अवस्था नदेखिई स्वतस्फूर्त रुपमा निज आफै कार्यालयमा अनुपस्थित रहेको र सोही अनुपस्थित रहेकै समयमा राजीनामा दिई बसेकोलाई विपक्षीले हाजीर नगराएको भन्ने तर्क न्यायसंगत नदेखिने ।

आफूले गरेको अनियमित कामको अभियोग लाग्ने पूर्वानुमान गरी कार्यालयमा काम गर्ने वातावरण नै नभएको भनी हुन लागेको अभियोगको चुनौती वा सामना नगरी राजीनामा दिएको निज निवेदकलाई नोकरीबाट वर्खास्त गरिएको वा हटाइएको अवस्था होइन । आफै कार्यालयमा अनुपस्थित रहेको र अनुपस्थित रहेकै अवस्थामा राजीनामा दिई बसेको अवधिलाई कार्यालयमा हाजीर भै कामकाज गरेको भनी मान्न पनि नमिल्ने ।

आफ्नो पदीय योग्यताअनुसार तोकिएको वा दिइएको जिम्मेवारी बहन नगरी गयल भै बसेको समयको तलब भत्ता लगायतको सुविधा प्रदान गर्दै जाने हो भने असल संस्कृतिको परिपाटी नवसी गलत र खराव परिपाटी बस्ने र त्यस्तै क्रियाकलापले प्रश्रय पाउने भै संस्थाको उद्देश्य घरासायी समेत हुन पुग्ने र काम गर्ने स्वच्छ र असल कर्मचारीको मर्यादा र इमान्दारीतामा ह्रास आउन सक्ने हुन्छ । तसर्थ काम नगरी गयल भएपनि तलबभत्ता लगायतको सुविधा दिनु भन्नु गैरन्यायिक हुँदा त्यस्तो रकम दिन बैंक बाध्य हुन नसक्ने ।

कार्यालयमा कुनै विदा स्वीकृत नै नगराई आफूले गरेको अनियमित कामकारवाहीलाई सार्वजनिक हुनबाट गौण पार्न अनुपस्थित भई

राजीनामा दिएको भएपनि निजले आफ्नो पदीय हैसियत र जिम्मेवारी इमानदारीपूर्वक नगरेको अनियमित कार्य गरेको भनी आरोप लागि कारवाही हुँदै गरेको अवस्था हुँदा राजीनामा स्वीकृत नगरेको र विपक्षी बैंकको कर्मचारी सेवा विनियमावलीअनुसार भए गरेको कारवाहीबाट निजले खाईपाई आएको तलब ग्रेड घटुवा गरी तल्लो तलब स्केलमा घटुवा गरेकोमा सोउपर निजको पुनरावेदन परी निजलाई दिइएको सजायलाई सदर गर्ने गरी अधिकारप्राप्त निकायबाट अन्तिम निर्णय भएको देखिन्छ । पुनरावेदन अदालत, नेपालगञ्जको मिति २०५९।१२।१२ को आदेशबमोजिम निज कार्यालयमा अनुपस्थित रहेको अवधिको निजले पाउने विदाबाट पुगेसम्म विदा स्वीकृत गरी विदाबाट नपुग अनुपस्थित अवधिको गयल कट्टी गरी हाजीर गराएको र सो गयल कट्टी अवधिको तलवभत्ता लगायतका सुविधा दिन मिल्ने अवस्था नदेखिने ।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल

कम्प्युटरः सरस्वती पौडेल

इति संवत् २०६८ साल कात्तिक ७ गते रोज २ शुभम् ।

३

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६७ सालको दे.पु.नं. ०६७-CI-०७९६, संशोधन निर्णय बदर, *ठागा चौधरी वि. राजेन्द्र शाह तेली समेत*

फिल्डबुकको किसानको महलमा लागेको ल्याप्चे सहिछाप प्रतिवादी गोविन्द चौधरीको भन्ने विशेषज्ञको जाँच प्रतिवेदनबाट देखिएको र जग्गाधनीलाई गोविन्द चौधरीले नै कुतबाली बुझाई विवादित जग्गाको मोही गोविन्द चौधरी नै भएको भन्ने जग्गाधनीकै कथन रहेको समेत आधारबाट पुनरावेदक वादी ठागा चौधरीका पिता जयगोविन्द चौधरी विवादित जग्गाको मोही रहेको मान्न नमिल्ने हुँदा वादीले दावी गरेको जग्गाको मोही गोविन्द चौधरी कायम गर्ने गरेको मिति २०४६।१२।२० को भूमिसुधार कार्यालयको संशोधन निर्णय यथावत् कायम राख्नुपर्नेमा सो निर्णय बदर गरेको मिति २०६५।११।१९ को भूमिसुधार कार्यालय, बाराको फैसला उल्टी गरी दावीको जग्गाको मोहीयानी हक प्रतिवादी गोविन्द चौधरीका नाममा यथावत् कायम रहने ।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

कम्प्युटरः सुदीप पंज्ञानी

इति संवत् २०६८ साल पुस ८ गते रोज ६ शुभम् ।

- यसै लगाउको २०६७ सालको दे.पु.नं. ०६७-CI-०७९५, मोही नामसारी, *ठागा चौधरी वि. राजेन्द्र शाह तेली* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

४

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६५-CI-०७१९, लेनदेन, *कृष्णशोभा श्रेष्ठ वि. रमादेवी श्रेष्ठ*

पुनरावेदिकाले आफूले लिखत नगरेको भनी जिकीर लिए पनि आफूले सो लिखत गरेको होइन भनी प्रमाण गुजारी ठोस रूपमा पुष्टि गर्न सकेको देखिँदैन भने दावीको कपाली तमसुकमा लागेको ल्याप्चे सहिछापसँग यी पुनरावेदिकाको नमूना सहिछाप मिल्न भिड्न आएको अवस्थामा यी पुनरावेदिकाको जिकीर स्वतः खण्डित हुन गएको देखिँदा वादी दावीबमोजिम साँवा र व्याज समेतको बिगो भराइदिनु पर्ने ।

इजलास अधिकृतः चुरामन खड्का

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६८ साल चैत ३० गते रोज ५ शुभम् ।

५

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६६ सालको फौं.विविध मुद्दा नं. ०६६-MS-००११, अदालतको अपहेलना, *पूजा धिमाल वि. बृन्दा हाडा, सचिव, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय समेत*

निवेदकले यस अदालतबाट जारी भएको निर्देशिका विपक्षीहरूबाट पालन नगरी अदालतको अपहेलना गरेको भनी दावी लिएको भए पनि सोको पुष्टि हुन सकेको देखिएन । कुन विपक्षीले के कसरी अदालतको अपहेलना हुने कार्य गरेको भन्ने कुरा निवेदन दावीबाट खुल्न आएको छैन । अदालतको अपहेलना गरेको भन्ने दावी लिनु मात्र पर्याप्त हुँदैन । उक्त कुरा विपक्षीहरूको कामकारवाही आचरणबाट पनि देखिनु पर्दछ । निवेदकले आफ्नो दावीमा उक्त निर्देशिकाको

बारेमा सम्बन्धित निकायहरूले अनभिज्ञता जाहेर गरी निर्देशिका कार्यान्वयनमा नलगेको भनेकोमा कुन कुन सम्बन्धित निकायले के कसरी अनभिज्ञता प्रकट गरेको हो र कार्यान्वयन नगरेको भन्ने कुरा तथ्ययुक्त र वस्तुगत लगत आधार बिना नै प्रस्तुत मुद्दा दिएको देखिँदा विपक्षीहरूबाट यस अदालतको अपहेलना भएको भन्न नमिल्ने ।

इजलास अधिकृतः विश्वनाथ भट्टराई
कम्प्युटरः सरस्वती पौडेल
इति संवत् २०६८ साल माघ ५ गते रोज ५ शुभम् ।

६

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६८-WO-०१८५, उत्प्रेषण परमादेश, *ऋषिराज विप्र काफ्ले वि. जिल्ला शिक्षा कार्यालय, चागल, काठमाडौं समेत*

निवेदकले नागरिकता लिँदा १९ वर्ष लेखिएको भए पनि १८ वर्ष २३ दिनको मात्र थिएँ भनी जिकीर लिएको भए पनि निजको नागरिकतामा गते र महिना उल्लेख नभएको तर नागरिकता जारी भएको मिति २०२७।३।१६ लेखिएबाट ३ महिना १६ गतेलाई नै निजको जन्म गते र महिना मान्नुपर्ने देखिई २०२७ सालको ३ महिना १६ गते १९ वर्ष पूरा भएको निजको जन्ममिति २००८।३।१६ कायम हुन आउँछ । सोही मितिबाट ६० वर्ष उमेर २०६८।३।१६ मा पूरा भएकोले सोही आधारमा प्रत्यर्थीबाट दिइएको अनिवार्य अवकाशको कार्य कानूनअनुरूपकै देखिने ।

निवेदक शिक्षा ऐन, नियमअनुसारको सेवा शर्त सुविधा स्वीकार गरी सेवामा प्रवेश गरेका भन्ने कुरामा विवाद छैन । निजामती सेवा ऐन र नियमावलीको व्यवस्था निजामती सेवामा कार्यरत् कर्मचारीको हकमा मात्र लागू हुने व्यवस्था हो । निजामती सेवाभन्दा अलग सेवाको व्यक्तिले आफ्नो सेवाको शर्त वा सुविधाको लागि अन्य ऐन, नियमको प्रावधान लागू हुनु पर्ने भनी दावी गर्न नमिल्ने ।

इजलास अधिकृतः नारायणप्रसाद पौडेल
कम्प्युटरः सरस्वती पौडेल
इति संवत् २०६९ साल बैशाख ५ गते रोज ३ शुभम् ।

## इजलास नं. ५

१

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री प्रकाश वस्ती,** २०६५ सालको CI-०७११, लेनदेन, *जयकुमारी शाही वि. अनूपकुमार कनोडिया*

लिखत भएकोमा विवाद नभएको, रूपैयाँ बुझाइसकेको कानूनबमोजिमको लिखत प्रमाण प्रतिवादीले पेश गर्न नसकेको अवस्थामा वादीले आफ्नो दृष्टिबन्धकीको थैलीमा रू. ८,५०,०००।- मा घरभाडा समेतको रकम कटाई बाँकी रकम लिने गरी कागज गरेको देखिँदा ब्याज समेत भराउने गरी भएको शुरू बाँके जिल्ला अदालतको फैसला उल्टी भई वादीले रू. ८,५०,०००।- मा घरभाडाबापत कर कटाई बाँकी रहेको रू. ६१,२००।- पाएको कटाउँदा बाँकी हुन आएको रू. ७,८८,८००।- वादीले प्रतिवादीबाट भराई लिन पाउने ।

इजलास अधिकृतः विष्णु अवस्थी
कम्प्युटरः चन्द्रा तिमल्सेना
इति संवत् २०६८ साल मंसिर २२ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री प्रकाश वस्ती,** २०६५ सालको CI-०७१२, बहाल दिलाई घर खाली गरिपाऊँ, *जयकुमारी शाही वि. लर्डबुद्ध एजुकेशनल एकेडेमी लिमिटेड, नेपालगञ्ज मेडिकल कलेज*

घरबहाल र बहालकर भाडाबापत प्रतिवादीले एक वर्षको रकम भुक्तानी गरिसकेको भन्ने समेत ठहऱ्याएको पुनरावेदन अदालत, नेपालगञ्जको फैसला सदर हुने ठहरी फैसला भएको हुँदा घरबहाल करारबमोजिम बाँकी एक वर्षको मात्र घरबहाल करबापतको रकम प्रतिवादीले वादीलाई बुझाउनु पर्ने देखिन आउँछ । यसप्रकार पुनरावेदक वादीले प्रतिवादीबाट करारनामाबमोजिम घर बहाल र घरबहाल कर पूरै भुक्तानी लिइसकेको भन्ने कुराको प्रमाण प्रतिवादीले पुऱ्याउन नसकेको हुँदा करारनामाबमोजिम बाँकी अवधि एक वर्षको बहाल वादीलाई प्रतिवादीबाट भराई दिनुपर्ने सो अविधिको बहाल नभराएकोसम्म शुरूको फैसला केही उल्टी गरी वादीले प्रतिवादीबाट मिति २०५७।७।१

देखि मिति २०५८।६।३० तकको हुने बहाल रू. ७२,०००।- वादीले प्रतिवादीबाट दण्ड सजायको ४२ नं. बमोजिम भराई लिन पाउने ।

इजलास अधिकृतः विष्णु अवस्थी
कम्प्युटरः चन्द्रा तिमल्सेना
इति संवत् २०६८ साल मंसिर २२ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६६ सालको WO-१२३७, उत्प्रेषण परमादेश, *सन्तोषीमाया थापा वि. कृष्णबहादुर खड्का समेत*

शुरू अदालतको फैसलाउपर कानूनबमोजिम पुनरावेदनको रोहबाट निवेदिका पुनरावेदन अदालतमा कानूनी उपचारको लागि गैरहेको अवस्थामा निवेदकले प्रस्तुत रिट निवेदनमा उठाएको प्रश्न अर्थात् विपक्षीको नाममा प्रतिउत्तर प्रस्तुत गर्न २०६३।११।२४ मा तामेल भएको म्याद रीतपूर्वक रहे नरहेको सम्बन्धमा समेत विचार हुन सक्ने भै सो सन्दर्भमा समेत पुनरावेदनकै रोहमा निर्णय हुनसक्ने अवस्था स्पष्ट देखिन आउँछ । त्यसकारण निवेदकले दावी लिएको सम्बन्धमा पुनरावेदन अदालत, हेटौंडामा कारवाहीयुक्त, अवस्थामा रहेको पुनरावेदनबाटै उपचार पाउन सक्ने अवस्था देखिँदा निवेदन दावी खारेज हुने ।

इजलास अधिकृतः विष्णु अवस्थी
कम्प्युटरः निर्मला अधिकारी
इति संवत् २०६८ साल पुस १७ गते रोज १ शुभम् ।

## इजलास नं. ६

१

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री भरतराज उप्रेती,** ०६७-WO-११४३, उत्प्रेषण समेत, *का.म.न.पा. वडा नं. १३ ताहाचल स्थित हेरिटेज इन्टरनेशनलको तर्फबाट उत्तम अधिकारी वि. राजश्व न्यायाधिकरण समेत*

आफ्नो आन्तरिक प्रयोजनको लागि मातहत कार्यालयलाई फाइल फिर्ता पठाएको व्यहोराको पत्रमा दिएको बोधार्थ पत्रले फैसला के भएको हो कति दिनभित्र र कहाँ पुनरावेदन गर्नेलगायतको जानकारी यी निवेदकलाई प्राप्त नभएको हुँदा सो सूचनालाई फैसला वा निर्णयको विषयमा पर्याप्त जानकारीको सूचनाको रूपमा लिन र सोको आधारमा पुनरावेदनको म्यादको गणना गर्न वा मान्यता लिन नमिल्ने हुँदा त्यस्तो व्यहोराको सूचनालाई रीतपूर्वकको पुनरावेदन म्याद मान्न नमिल्ने ।

आन्तरिक प्रयोजनको लागि पठाएको पत्रको बोधार्थ पत्रलाई पुनरावेदनको म्यादको अर्थमा ग्रहण गरी सोही मितिले तोकिएको म्यादभित्र पुनरावेदन नपरेको भनी दरपीठ गर्ने गरेको राजश्व न्यायाधिकरणका स्रेस्तेदारको मिति २०६७।१२।१५ को आदेश उत्प्रेषणको आदेशले बदर हुने ठहर्छ । निवेदकले पुनरावेदन दर्ता गरिपाऊँ भनी न्यायाधिकरणसमक्ष उपस्थित भई सनाखत गरे निजको पुनरावेदन रीतपूर्वक दर्ता गरी निर्णय गर्नु भनी परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः ईश्वर पराजुली
कम्प्युटरः रानु पौडेल
इति संवत् २०६८ साल चैत २६ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री भरतराज उप्रेती,** २०६८ सालको MS-०००४, अदालतको अपहेलना, *मोहम्मद सतार वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*

विपक्षी बनाइएका व्यक्ति नारायणी उपक्षेत्रीय अस्पताल विकास समितिका सदस्य सचिव डा.मुकेशकुमार चौरसिया तथा विपक्षी क्षेत्रबहादुर श्रेष्ठका नाउँमा अन्तरिम आदेशसहितको म्याद सूचना मिति २०६८।४।१९ मा तामेल भएको मिसिल संलग्न तामेली प्रतिबाट देखिन्छ । उक्त मितिपश्चात् मिति २०६८।६।५ गते र २०६८।७।१६ गतेका दिन नै निवेदक मो. सतार मन्सुरीको अध्यक्षतामा उक्त नारायणी उपक्षेत्रीय अस्पताल विकास समितिको बैठक बसी विभिन्न निर्णय गरेको भन्ने मिसिल संलग्न उक्त मितिको निर्णय प्रतिलिपिबाट देखिन आएको छ । यसरी निवेदकले निवेदनमा जिकीर गरेअनुसार विपक्षीहरूले निवेदकलाई कामकाज गर्नबाट रोक लगाएको भन्ने कुरा नदेखिएको साथै अदालतबाट भएको अन्तरिम आदेशको पालना नगरेको पुष्टि नभएको यसका अतिरिक्त लिखित जवाफकर्ताको

जवाफमा अदालतको आदेशको पालना र मर्यादा सदैव गर्नु पर्दछ भन्ने कुरामा सचेत रहेको भन्ने समेतको जिकीर समेत गरेको पाइन्छ । अतः निवेदककै अध्यक्षतामा नारायणी उपक्षेत्रीय अस्पताल विकास समितिको मिति २०६८।६।१५ र २०६८।७।१६ गते बैठक बसी विभिन्न निर्णय समेत पटक-पटक गरेको देखिएकोले यस अदालतको उक्त मिति २०६८।४।११ मा भएको अन्तरिम आदेशको अवज्ञा भएको नभई सो अन्तरिम आदेशअनुरूप नै कामकारवाही भएको देखिँदा अदालतको आदेशको पालना नगरी अपहेलना गरेको भन्ने निवेदन जिकीर पुष्टि हुन नसक्ने ।

इजलास अधिकृतः विष्णु अवस्थी

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०६८ साल माघ १९ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री भरतराज उप्रेती,** ०६६-CR-०५०१, ०५३३, लागू औषध खैरो हेरोइन, *कुसुमदेवी धानुक वि. नेपाल सरकार, मकबुल मियाँ ठकुराई समेत वि. नेपाल सरकार*

प्रतिवादी सलीम मियाँको घर कोठाबाट २०० ग्राम खैरो हेरोइन बरामद हुँदा यी प्रतिवादी सोही कोठामा रही निज सुतेको विस्तरामा सिरानीमुनिबाट उक्त २०० ग्राम खैरो हेरोइन बरामद भएको भन्ने बरामदी मुचुल्काबाट देखिन आउँछ भने प्रतिवेदक प्रहरी निरीक्षक किरणजंग थापाले तत्काल मौकामा यी पुनरावेदक प्रतिवादी कुसुमदेवी धानुक समेतकाउपर किटानी प्रतिवेदन गरी अदालतमा बकपत्र गर्दा पनि सोको समर्थन गरी बकपत्र गरेको देखिन्छ । केन्द्रीय प्रहरी विधिविज्ञान प्रयोगशालाबाट प्राप्त परीक्षण प्रतिवेदनबाट बरामदी लागू औषध हेरोइन नै भएको तथ्य पुष्टि हुँदा प्रतिवादी कुसुमदेवीले लागू औषध खैरो हेरोइनको कारोवारमा संलग्न रहे भएको तथ्ययुक्त आधार प्रमाणबाट प्रमाणित हुने ।

बरामदी मुचुल्कामा उल्लेख भएबमोजिमको घर होइन भनी प्रतिवादी कमबुल मियाँ ठकुराई समेतले पुनरावेदनमा जिकीर लिए पनि आफ्ना दाता प्रतिवादी शेष सलीमका नाममा विवादको कि.नं. १६२ को घर बाहेक दोस्रो कुनै घर रहेको भन्ने कुरा निज प्रतिवादीहरूले त्यस्तो छुट्टै घर जग्गाको स्वामित्व र अस्तित्व सम्बन्धमा ठोस र वस्तुनिष्ठ सबूद प्रमाण पेश गरी आफ्नो जिकीर प्रमाणित गराउन सकेको पाइएन । स्वयं प्रतिवादी शेष सलीम र निजकी सासू भनिएकी प्रतिवादीमध्येकी कुसुमदेवी धनुकाईनले समेत त्यस्तो कुनै घरको अस्तित्वलाई लेखाउन र देखाउन सकेको पाइएन । प्रतिवेदक प्रहरी निरीक्षक किरणजंग थापाले अदालतमा गरिदिएको बकपत्रले बरामदी मुचुल्काका व्यहोरालाई समर्थन गरिरहेको देखिँदा जिल्ला पर्सा, वीरगञ्ज उपमहानगरपालिका वडा नं. २ कि.नं. १६२ को क्षेत्रफल ००१६९३ वर्गमीटरको जग्गामा रहेको घरमा अवैध लागू औषध खैरो हेरोइन सञ्चय गरी राखी खरीद बिक्री समेत गर्न प्रयोग गरेको कुरा उपयुक्त आधार, कारण र प्रमाणबाट पुष्टि हुने ।

प्रतिवादीमध्येकी कुसुमदेवी धानुक रहेको बसेको कोठाबाट लागू औषध खैरो हेरोइन र ढक तराजु समेत बरामद भएको र निजले सो बरामदलाई अधिकारप्राप्त अधिकारी र अदालतसमक्ष समेत स्वीकार गरेको साथै निजको सो सावितीलाई प्रतिवेदकको अदालती बकपत्रबाट पुष्टि भैरहेको अवस्था मिसिलबाट देखिँदा निज प्रतिवादीलाई लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(घ)(ङ)(च) को कसूरमा दफा १४ (१) छ(३) अनुसार १५ वर्ष कैद र पाँचलाख रूपैयाँ जरीवाना हुने र घरजग्गा समेत जफत हुने ।

इजलास अधिकृतः हरिराज कार्की

कम्प्युटरः निर्मला अधिकारी

इति संवत् २०६८ साल मंसिर २८ गते रोज ४ शुभम् ।

४

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री भरतराज उप्रेती,** २०६६-WO-११७१, उत्प्रेषण परमादेश, *तीर्थमान शाक्य वि. नेपाल विद्युत प्राधिकरण, केन्द्रीय कार्यालय समेत*

निवेदकले साविक पुरानो ढाँचामा लिएको नागरिकता प्रमाणपत्रमा उल्लेख भएको वर्ष (उमेर) लाई संशोधन गरी निजले सेवामा प्रवेश गर्दा पेश गरेको एस.एल.सी. को प्रमाणपत्रमा किटान भएअनुरूपको जन्ममिति २०१०।३।२९ को आधारमा

जन्ममितिमा एकरूपता कायम गराई ल्याएको र निजले सो नागरिकताको प्रमाणपत्र आफू कार्यरत् रहे भएकै अवस्थामा पेश गरी अवकाशसम्बन्धी जनाउ पुनरावलोकनको लागि सम्बन्धित पदाधिकारीसमक्ष निवेदन समेत दिइसकेको अवस्था रहे भएबाट प्रस्तुत विषयमा अवकाश प्रयोजनको लागि उमेर गणनामा निवेदकको जन्ममितिमा विभिन्नता रहेको भन्न मिलेन । नेपाल विद्युत प्राधिकरण कर्मचारी सेवा विनियमावली, २०६२ को विनियम ८४(१) एवं विनियम ९३(१) बमोजिम निवेदकको जन्ममिति २०१०।३।२९ बाट गणना गर्दा मिति २०६८।३।२८ मा मात्र निजको ५८ वर्ष उमेर पूरा हुने भै सोही मितिदेखि अनिवार्य अवकाश पाउने ।

मिति २०६८।३।२८ देखि मात्र अनिवार्य अवकाश पाउने देखिएका यी निवेदकलाई निजको पुरानो नेपाली नागरिकताको प्रमाणपत्रमा उल्लेख भएको उमेरअनुसार गणना गर्दा मिति २०६७।३।८ मा ५८ वर्ष पूरा हुने हुँदा नेपाल विद्युत प्राधिकरण कर्मचारी सेवा विनियमावली, २०६२ को परिच्छेद् १० को विनियम ८४(१) र ९३(क) र (ख) बमोजिम मिति २०६७।३।८ देखि लागू हुने गरी निवेदकले उमेरको हदले अनिवार्य अवकाश पाउने र सोको जानकारी निवेदकलाई गराउने भन्ने सम्बन्धमा विपक्षी नेपाल विद्युत प्राधिकरणको मिति २०६६।९।१६ को निर्णय र सोको आधारमा भए गरेका कामकारवाहीहरू उपरोक्त विवेचित आधार र कारण समेतबाट कानूनसम्मत् नदेखिँदा उत्प्रेषणको आदेश जारी भै बदर हुने । साथै यस अदालतको मिति २०६७।२।२१ को अन्तरिम आदेशले निवेदकले ५८ वर्ष उमेर पूरा हुने मिति २०६८।३।२८ सम्म सेवामा बहाल रहेको र मिति २०६८।३।२८ मा नै निवेदकको उमेर ५८ वर्ष पूरा भैसकेकोले परमादेशको आदेश जारी गर्न नपर्ने ।

इजलास अधिकृतः हरिराज कार्की

इति संवत् २०६८ साल कात्तिक २७ गते रोज १ शुभम् ।

५

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री भरतराज उप्रेती,** २०६७ सालको CI-०५०४, लेनदेन, *तिलकराम पौडेल वि. एशिएन थाई फुड प्रा.लि.*

वादीले दृष्टिवन्धकमा तोकिएको भाखा नाघेपछि लेनदेन व्यवहारको ३ नं.को म्याद २ वर्षभित्र नालेस दिएको देखिन्छ । यसरी तोकिएको भाखा नाघिसकेपछि लिखतबमोजिमको रकम नदिएको अवस्थामा लेनदेन व्यवहारको २ नं. बमोजिक भराई लिन नपाउने भनी अर्थ गर्न नमिल्ने र वादीले आफ्नो लिखतबमोजिमको रकम भराई लिनको लागि दिएको नालेसलाई लेनदेन व्यवहारको १५ नं. को आधारमा खारेज गर्नुपर्ने अवस्था नदेखिएको हुँदा पुनरावेदन अदालतबाट जो जे बुझ्नुपर्ने हो बुझी पुनः इन्साफ गर्नको लागि मिसिल शुरू जिल्ला अदालतमा पठाउने गरेको फैसलाबाट यी पुनरावेदक प्रतिवादी समेत दुबै पक्षको प्रमाण बुझी कानूनबमोजिम इन्साफ हुने नै हुँदा पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकीर कानूनसंगत् देखिन आएन । तसर्थ, पुनरावेदन अदालत, सुर्खेतबाट शुरू जिल्ला अदालतको खारेजी फैसला बदर गरी वादी दावी प्रतिउत्तर जिकीरका सम्बन्धमा जो जे बुझ्नुपर्ने बुझी ठहर इन्साफ गर्न उपस्थित पक्षलाई शुरू सुर्खेत जिल्ला अदालतको तारिख तोकी मिसिल समेत पठाई दिने ।

इजलास अधिकृतः विष्णु अवस्थी

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०६८ साल माघ १९ गते रोज ५ शुभम् ।

६

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री भरतराज उप्रेती,** ०६७-CI-१५२१, निषेधाज्ञा, *कनकबहादुर मोक्तान समेत वि. गंगादेवी तामाङ*

सार्वजनिक जग्गाको बाटो भएर आफ्नो जग्गामा आवतजावत गर्न पाउने अधिकार निवेदकमा समेत रहन्छ । त्यस्तो सार्वजनिक जग्गामा आवतजावत गर्नबाट रोक लगाउने अधिकार विपक्षीहरूलाई कुनै कानूनले दिएको पाइदैन । तसर्थ सार्वजनिक जग्गाको बाटोबाट निवेदकको जग्गामा आवतजावत गर्न रोक लगाउने आशंकाको स्थिति विद्यमान रहेको देखिँदा मागबमोजिम निषेधाज्ञाको आदेश जारी हुने ।

इजलास अधिकृतः किशोर घिमिरे

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०६८ साल चैत २३ गते रोज ५ शुभम् ।

७

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री भरतराज उप्रेती,** ०६८-WO-०००५, उत्प्रेषण परमादेश समेत, *मोहितनारायण चौधरी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिँहदरवार समेत*

निवेदकलाई निजको कार्यकाल भुक्तान नहुँदै कारवाही गरी हटाउँदाको अवस्थामा पनि कानूनद्वारा निर्धारित प्रक्रिया पूरा गरी आरोपित गर्नु र तत्सम्बन्धमा निजलाई सफाइ पेश गर्ने उचित र मनासिब अवसर प्रदान गर्नु अनिवार्य हुन्छ। प्राकृतिक न्यायको सिद्धान्तअन्तर्गत यो व्यवस्थालाई हाम्रो संविधान एवं कानून प्रणालीले अनिवार्यरूपले परिपालन गर्नुपर्ने गरी आत्मसात गरिआएको अवस्थामा बिना त्यस्तो कुनै आधार र कारण नभई राष्ट्रिय चिया तथा कफी विकास बोर्ड ऐन, २०४९ को दफा ८(३) को पदावधि भुक्तान नहुँदै निवेदकलाई अवकाश दिने सम्बन्धमा भए गरेको कार्य स्पष्ट कानूनी अख्तियारीको अभावमा पूर्णतः स्वेच्छाचारी प्रकृतिको देखिन आएकोले विपक्षीहरूबाट भए गरिएको सो कार्यलाई कानूनी राज्यको अवधारणअन्तर्गत स्वीकार गर्न सकिने अवस्था नरहने हुँदा प्रत्यर्थी कृषि तथा सहकारी मन्त्रालयले निवेदकलाई राष्ट्रिय चिया विकास बोर्डको कार्य समितिको सदस्यको रूपमा मनोनीत गरिएको पदबाट अवकाश दिई हटाउने सम्बन्धमा गरेको मिति २०६८।०३।०१ को निर्णय र सोअनुसार निवेदकलाई दिइएको अवकाशपत्रलगायत कामकारवाहीहरू उत्प्रेषणको आदेशले बदर हुने साथै निवेदकलाई मनोनयन भएको मितिले दुई वर्षसम्म बोर्डको सदस्यको हैसियतमा काम गर्न बाधा अवरोध नगरी काम गर्न दिनु दिलाउनु भनी परमादेश जारी हुने।

इजलास अधिकृतः हरिराज कार्की

कम्प्युटरः निर्मला अधिकारी

इति संवत् २०६८ साल कात्तिक २७ गते रोज ३ शुभम्।

८

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री भरतराज उप्रेती,** ०६६-WO-१०७२, उत्प्रेषण परमादेश, *हिमलाल ज्ञवाली वि. स्वास्थ्य सेवा विभाग*

निवेदकले पदनाम घटुवा भयो भनी उत्प्रेणको आदेशद्वारा बदर गर्न माग गरेको विषय स्वास्थ्य सेवा विभागको मिति २०६७।३।१५ को निर्णयबाट संशोधन भएको देखिएको र निजको ट्रेड युनियनको निर्वाचित पदावधि समेत समाप्त भएको देखिँदा मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता देखिन आएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः श्रीप्रकाश उप्रेती

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६९ साल बैशाख १३ गते रोज ४ शुभम्।

- यसै प्रकृतिको ०६६-WO-०२२७, उत्प्रेषण/परमादेश, *हिमलाल ज्ञवाली वि. स्वास्थ्य सेवा विभाग* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ।

९

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री भरतराज उप्रेती,** ०६६-WO-०७२९, उत्प्रेषण परमादेश, *रामगोपाल साह वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*

मिति २०६६।८।२९ को राजपत्रमा प्रकाशित नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सूचनाअनुसार स्वास्थ्य सेवाका छैठौं र सातौं तहका अधिकृतलाई स्वास्थ्य सेवा विभागले सरूवा गर्न पाउने गरी नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ९३ (१) बमोजिम नेपाल सरकारबाट स्वास्थ्य सेवा विभागलाई अधिकार प्रत्यायोजन भएको देखिन्छ। स्वास्थ्य सेवा विभागले राजपत्रमा मिति २०६६।८।२९ मा प्रकाशित उक्त सरूवासम्बन्धी अधिकार प्रत्यायोजनको सूचनाद्वारा प्रत्यायोजित अधिकारबमोजिम नै छैठौं तहका यी निवेदकलाई मिति २०६६।९।२३ मा सरूवा गर्ने निर्णय गरेको देखिन आउँदा उक्त निर्णयलाई कानूनसम्मत् निर्णय मान्नुपर्ने।

इजलास अधिकृतः श्रीप्रकाश उप्रेती

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६९ साल बैशाख १३ गते रोज ४ शुभम्।

- यसै प्रकृतिको ०६६-WO-०७६१, उत्प्रेषण परमादेश, *अर्जुनजंग गौतम वि. जिल्ला स्वास्थ्य कार्यालय, सुर्खेत समेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ।

१०

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या. श्री भरतराज उप्रेती,** २०६४-CR-०५०९, ठगी, *ओमकार भन्ने ओमकुमार श्रेष्ठ वि. नेपाल सरकार*

ठगी गर्ने र ठगीनेबीच भएको लिखतमा मूलतः ठगीको ३ नं. को व्यवस्थाले फौजदारी दायित्वलाई देवानी दायित्वमा परिणत गरी ठगी गर्ने व्यक्तिलाई ठगीको महलको ४ नं., ५ नं. र ६ नं. अन्तर्गतले हुने सजायबाट ठगीको कार्यमा संलग्न मूल व्यक्ति र अन्य सम्बन्धित व्यक्तिहरुलाई छुटकारा वा उन्मुक्ति दिन खोजेको देखिन्छ। यो प्रक्रियामा भाखाको तमसुकलाई उक्त फौजदारी प्रकृतिको दायित्वलाई देवानी दायित्वमा रुपान्तरण गर्ने संयन्त्र वा माध्यमको रुपमा लिएको देखिन्छ। यसैले यो फौजदारी दायित्वलाई देवानी दायित्वमा परिणत गर्ने माध्यमको रुपमा रहेको भाखाको तमसुकले कानूनी मान्यता प्राप्त गर्नको लागी साहू असामी बीचको सम्बन्ध स्थापित गर्ने अन्य लिखतहरुको सिर्जना, कानूनी मान्यता तथा यसको कानूनी कार्यान्वयनको लागि जुन जुन कानूनी तत्वहरुको आवश्यकता पर्दछ उक्त लिखतमा पनि सोही तत्वहरुको आवश्यकता पर्ने।

ठगी गर्ने र ठगीनेका बीचमा भएको भाखाको तमसुकको लिखतले अन्यथा फौजदारी प्रकृतिको दायित्वलाई देवानी दायित्वमा परिणत गरी जरीवाना तथा कैदको सजायबाट उन्मुक्ति दिने भएकोले भाखाको तमसुक भनिएको उक्त लिखतलाई अन्य कानूनी मान्यताप्राप्त तमसुक सरह स्वतन्त्र रुपमा अदालतले मान्यता दिने र यस्तो लिखतलाई कानूनी रुपमा मान्यता दिई चलन चलाउन सकिने प्रकृतिको हुनुपर्ने भएकाले भाखाको तमसुकले अन्य देवानी दायित्व सिर्जना गर्ने लिखत सरह कानूनी मान्यता प्राप्त गर्नको लागि यस्तो लिखतमा न्यूनतम निम्न चार तत्वहरु विद्यमान भएको हुनुपर्नेः

१. ठगीने र ठग्ने दुवै पक्षको प्रत्यक्ष उपस्थितिमा दुवै पक्षवीच रीतपूर्वकको कागज भएको हुनुपर्ने।
२. कुनै तेस्रो पक्षको हस्तक्षेप विना स्वेच्छापूर्वक दुवै पक्षको सहमतिमा भएको हुनुपर्ने।
३. निश्चित समयमा तिर्ने बुझाउने शर्त र रकम खुलेको भाखा तमसुक हुनुपर्ने।
४. भाखाको तमसुक भनिएको लिखतबाट साहू र असामी वीचको सम्बन्ध स्थापित भएको देखिनुपर्ने र यस्तो लिखतलाई अदालतबाट प्रचलन गराउन सकिने प्रकृतिको हुनुपर्ने।

तेस्रोपक्ष अर्थात् जिल्ला प्रशासन कार्यालयले आफूसमक्ष उजूरी परेपछि सोको टुंगो लगाउने र शान्ति सुरक्षा कायम गर्ने सन्दर्भमा हस्तक्षेप गरे गराएको कागज हुँदा स्वेच्छापूर्वक दुवैको बीच साहू असामीको सम्बन्ध स्थापित गर्ने सहमतिमा तयार भएको हो भनी मान्न मिल्ने देखिँदैन। त्यस्तो कागज गराउने कानूनी अख्तियार समेत जिल्ला प्रशासन कार्यालयलाई नभएको र त्यस्तो कागजकै आधारमा लेनदेन व्यवहारको महलको व्यवस्था अनुसार साहू असामीको सम्बन्ध समेत सिर्जना नहुने हुँदा यस्तो लिखतलाई कुनै लेनदेनको तमसुक वा लेनदेनको रकम तिर्ने बुझाउने भाखाको लिखत सरह मुलुकी ऐन, लेनदेन व्यवहारको महलमा व्यवस्था भएअनुसार अदालती प्रक्रियाबाट प्रचलन गराउन वा चलन चलाउन सकिने प्रकृतिको कागजात भन्न सकिने अवस्था देखिएन। यस्तो लिखतबाट आफ्नो हक प्रचलनको लागि पीडितहरु अदालतमा प्रवेश गर्न सक्ने अवस्था समेत देखिदैन। तसर्थ प्रस्तुत कागजलाई कानूनी मान्यता प्राप्त भाखाको तमसुकको लिखत हो भनी मान्न मिल्ने अवस्था नरहे नभएकोले उपरोक्त आधार कारणबाट त्यस्तो लिखतलाई ठगीको ३ नं. को प्रयोजनको लागि भाखा तमसुक हो भनी मान्न नमिल्ने।

इजलास अधिकृतः ईश्वर पराजुली
कम्प्युटरः रानु पौडेल
इति संवत् २०६८ साल चैत २८ गते रोज ३ शुभम्।

११

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या. श्री तर्कराज भट्ट,** २०६४-CR-०२९५, ०२९९, सरकारी छाप दस्तखत कीर्ते, *एलीजा थापा वि. नेपाल सरकार, नेपाल सरकार वि. हरिनारायण चौधरी*

आफ्नो नाममा कीर्ते गरी नागरिकता तथा राहदानी बनाई सोही आधारमा भीषा समेतको लागि निवेदन गरी सुविधा लिन खोजेको स्थितिमा त्यसरी बनाएको कीर्ते नागरिकता बन्ने बनाउने कार्यमा आफ्नो संलग्नता नभएको भन्ने भनाई स्वीकारयोग्य छ भन्न नमिल्ने ।

कीर्ते नागरिकता बनाउनु र राहदानीको माध्यमबाट विदेश जान सिफारिश गर्नु यी दुई कार्य पृथक पृथक हुन् । कीर्ते नागरिकता बनाउने कार्यमा संलग्नता छ भनी पोल गर्न नसकेको र वादी पक्षले समेत सो पुष्टि गर्न नसकेको स्थितिमा एउटाले कीर्ते कार्य गरेकोमा कीर्तेमा संलग्न नहुने अर्को व्यक्ति समेतलाई सजाय गर्नु फौजदारी न्यायको सिद्धान्तविपरीत हुन जाने ।

विदेश जान सिफारिश गरेकै आधारमा कीर्ते नागरिकता बनाउन संलग्नता छ भनी अनुमान र शंका गरी शंका र अनुमानकै आधारमा सजाय गर्नु न्यायोचित नहुने ।

झूठो सिफारिश र सरकारी छाप दस्तखत कीर्तेको प्रकृति नै फरक भएको स्थितिमा झूठो सिफारिशलाई सरकारी छाप दस्तखत कीर्ते गरेको भन्ने विषयमा कीर्ते कागजको महलको कसूरले समेट्न नसक्ने ।

इजलास अधिकृतः रामप्रसाद भट्टराई

इति संवत् २०६८ साल असोज ३० गते रोज २ शुभम् ।

यसै लगाउका निम्न मुद्दारूमा पनि यसैअनुसार फैसला भएका छन्:

- २०६४-CR-०२९६, ०३०१, सरकारी छाप दस्तखत कीर्ते, *एलीजा थापा वि. नेपाल सरकार, नेपाल सरकार वि. रामजीवन सिँह*
- २०६४-CR-०२९८, ०३००, झूट्टा विवरण पेश गरी राहदानी लिएको, *एलीजा थापा वि. नेपाल सरकार, नेपाल सरकार वि. हरिनारायण चौधरी*
- २०६४-CR-०२९७, ०३०२, झूट्टा विवरण पेश गरी राहदानी लिएको, *एलीजा थापा वि. नेपाल सरकार, नेपाल सरकार वि. रामजीवन सिँह*

## इजलास नं. ७

१

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री भरतराज उप्रेती,** ०६७-WO-०३४५, उत्प्रेषण परमादेश, *वीरेन्द्रकुमार सिँह वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

कुनै प्रमाणपत्रमा वर्षमात्र उल्लेख भएको र अर्को प्रमाणपत्रमा पूरा जन्ममिति खुलेको अवस्थामा के कसरी उमेर गणना गर्ने भन्ने समेत सम्बन्धमा निजामती सेवा नियमावली, २०५० को नियम १०२ मा गरिएको व्यवस्था हेर्दा उक्त नियमावलीको नियम १०२(२) मा यस सम्बन्धमा, “कुनै प्रमाणपत्रमा वर्ष मात्र उल्लेख भएको र अर्को प्रमाणपत्रमा पूरा जन्म मिति खुलेको रहेछ तथा त्यस्तो प्रमाणपत्रमा उल्लिखित जन्ममितिहरूको बीचमा एक वर्षसम्मको अन्तर देखिएमा पूरा खुलेको जन्ममितिलाई आधार मान्नु पर्नेछ” भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ । आई एस्सीको प्रमाणपत्रमा उल्लेख भएको जन्ममितिलाई आधार लिई उमेर गणना गर्दा निवेदकले मिति २०६६।१०।४ मा ५८ वर्ष पुगी अन्य शैक्षिक प्रमाणपत्र एवं सिटरोलमा उल्लेख भएको जन्ममितिको आधारमा कायम हुने मितिभन्दा पहिले अवकाश पाउने देखिन आएको हुँदा निजलाई अनिवार्य अवकाश दिने नेपाल सरकारको मिति २०६७।५।१५ को निर्णय निजामती सेवा ऐन, २०४९ को दफा ३३(३) र निजामती सेवा नियमावली, २०५० को नियम १०२ बमोजिम नै भए गरेको मान्नुपर्ने ।

रिट निवेदकले निजामती सेवा ऐन, २०४९ को दफा ३३ अनुसार अवकाश हुनुपर्ने मिति २०६६।१०।५ भन्दा पछाडि सहसचिव पदमा भएको बढुवा नियुक्तिको कानूनी हैसियत समेत नरहने हुँदा निजलाई कानूनबमोजिम अनिवार्य अवकाश हुनुपर्ने मितिमा कायम रहेको पदको आधारमा अनिवार्य अवकाश दिएको कार्यलाई अन्यथा भन्न नमिल्दा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः हरिराज कार्की

इति संवत् २०६८ साल माघ १७ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री कमलनारायण दास,** ०६६-CR-००३९, सवारी ज्यान, *गोविन्दप्रसाद दुलाल वि. नेपाल सरकार*

प्रतिवादीले लापरवाहीपूर्वक ट्रक चलाई मोटरसाइकललाई ठक्कर दिएको कारण केही पर उछिट्टिएको घाइते नवराज आचार्यलाई बचाउने पर्याप्त अवसर हुँदाहुँदै ब्रेक नलगाई पुनः ट्रक अगाडि बढाई निज घाइतेको शरीरमा चढाई किचेको भनी लेखाई दिएबाट एकपटक ठक्कर दिइसकेपछि ब्रेक लगाई गाडी रोकी वा घाइते नभएतिर गाडी मोडी घाइतेलाई बचाउन सकिने पर्याप्त अवस्था छँदाछँदै लापरवाहीपूर्वक नवराज आचार्यलाई किचेको र त्यही कारणबाट निज नवराज आचार्यको मृत्यु भएको तथ्य निर्विवाद रूपमा पुष्टि हुन आएको हुँदा प्रतिवादी गोविन्दप्रसाद दुलाललाई यातायात तथा व्यवस्था ऐन, २०४९ को दफा १६१(२) बमोजिम ३ (तीन) वर्ष कैद हुने ।

इजलास अधिकृतः हरिराज कार्की
कम्प्युटरः निर्मला अधिकारी
इति संवत् २०६८ साल पुस २८ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री कमलनारायण दास,** ०६५-CR-०२७२, सवारी ज्यान, *कृष्णबहादुर बस्नेत वि. नेपाल सरकार*

"सवारी तथा यातायात व्यवस्था ऐनबमोजिम भराई पाउने क्षतिपूर्ति, घाउ खर्च र किरिया खर्च तत्काल भराइदिने प्रकृतिको कार्य मानी सो काम प्रमुख जिल्ला अधिकारीबाट भराउँदा प्रभावकारी हुने ठहर गरी विधायिकाले प्रमुख जिल्ला अधिकारीलाई तोकेको देखिन आउँदा प्रमुख जिल्ला अधिकारीलाई कानूनले स्पष्टरूपमा तोकेको काम प्रमुख जिल्ला अधिकारले नगरेको वा गर्न नसकेको जस्ता काल्पनिक र अनुमानित कुराहरू तेर्स्याएर सबै विवादित विषयको निर्णय अदालतले नै गर्नु पर्दछ भनी व्याख्या गर्न मिल्दैन । जुन काम जुन निकायले वा पदाधिकारीले गर्नुपर्ने गरी कानूनले व्यवस्था गरेको छ त्यसबाट नै त्यो काम सम्पन्न गरिनु पर्दछ भन्ने कानूनी सिद्धान्त समेतका आधारमा सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६३ बमोजिमको घाउ खर्च, किरिया खर्च र क्षतिपूर्ति भराई दिने निकाय अदालत नभई प्रमुख जिल्ला अधिकारी नै हुने" (*नेकाप* २०६४, मंसिर, नि.नं. ७८६८, पृष्ठ ९७५) भनी यस अदलतको पूर्ण इजलासबाट सिद्धान्त प्रतिपादन भैसकेको देखिएकोले उल्लिखित कानूनी व्यवस्था र प्रतिपादित सिद्धान्तअनुरूप प्रमुख जिल्ला अधिकारीले भराइदिनु पर्ने क्षतिपूर्तिका सम्बन्धमा अदालत स्वयंले उक्त दायित्व ग्रहण गरी भराउन नमिल्ने ।

इजलास अधिकृतः हरिराज कार्की
कम्प्युटरः मुक्ता प्याकुरेल
इति संवत् २०६८ साल पुस २८ गते रोज ५ शुभम् ।

४

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री कमलनारायण दास,** २०६६-CI-०६२७, लेनदेन, *गृहेन्द्रराज पाण्डे वि. हेमकुमारी पाण्डे*

लिखतमा निज वादीलाई दिने भनी उल्लेख भएको जग्गाका अतिरिक्त अन्य कित्ता नम्बरका जग्गा समेत हालैको बकसपत्र पारीत गरी दिइसकेको तथ्य मिसिल संलग्न कागजातबाट पुष्टि भैरहेको देखिन आएको स्थितिमा यी वादीको पुनरावेदन जिकीरको भरमा मात्र वादीलाई प्रतिवादीले ऋण तिर्न बुझाउन बाँकी रहेको भन्न र मान्न मिल्ने अवस्था देखिएन । मिति २०५६।१२।३ को कपाली तमसुक पछि २०५७।३।२७ को हस्तान्तरणको व्यवहारले नै सो कपाली तमसुकको व्यवहारलाई निरस्त तुल्याएको छ । तमसुक हुनु र भरपाई नहुनु नै लेनदेन बाँकी रहेको यथेष्ट आधार हुन सक्तैन । तमसुकमा लेखिएकै कित्ता समेत साहूलाई असामीबाट हस्तान्तरण हुन्छ र त्यस्तो हुनुपर्नाको भरपर्दो कारण प्रस्तुत हुन सक्दैन भने कपाली तमसुकको अस्तित्व अझै कायम छ भन्ने निष्कर्ष निकाल्नु न्यायोचित हुँदैन । साहू र असामी आमा छोरा भएको अवस्थामा तमसुक फट्टा भएन, भरपाई भएन भन्ने मात्र आधारले सोही तमसुकमा लेखिएको जग्गा हस्तान्तरण भएको देखिँदादेखिँदै कपाली तमसुकअनुसार पुनः रकम भराइदिनु न्यायसंगत् हुन सक्दैन । रकम बुझाएको व्यवहारबाट देखिन्छ भने त्यसलाई मान्यता दिनुपर्ने ।

इजलास अधिकृतः हरिराज कार्की
कम्प्युटरः निर्मला अधिकारी
इति संवत् २०६८ साल पुस २८ गते रोज ५ शुभम् ।

## इजलास नं. ८

१

**मा.न्या.श्री भरतराज उप्रेती र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६६ सालको CI-०८११, लेनदेन, *श्यामकाजी श्रेष्ठ वि. नजरमान श्रेष्ठ*

लिखतको प्रकृति हेर्दा भरपाई दादैबाट शुरू भएको देखिन्छ । उक्त मिति २०५३।१२।२५ मा भएको लिखतलाई मुलुकी ऐन, लेनदेन व्यवहारको २ नं. मा उल्लिखित तमसुकको समकक्षमा राख्न मिल्ने नमिल्ने के हो र भरपाई भनिएको उक्त लिखतलाई हदम्यादको प्रयोजनको लागि तमसुक मान्न सकिन्छ वा सकिँदैन भन्ने सम्बन्धमा विचार गर्दा विवादका पक्षहरू स्वयम्ले उक्त लिखतलाई भरपाई भनी नामाकरण गरेको अवस्थामा उक्त लिखतलाई लेनदेन व्यवहारको २ नं. मा उल्लिखित तमसुकको समकक्षमा राख्न नमिल्ने ।

लेनदेन व्यवहारको ४० नं. ले व्यवस्था गरेको दुई वर्षे नालिस गर्ने हदम्यादभित्र दावी लिनुपर्नेमा सो हदम्यादभित्र दावी नलिएको र मिति २०५३।१२।२५ को लिखत कागजलाई तमसुक कागज मानी प्रतिवादीबाट वादीलाई साँवा ब्याज भराउन नमिल्ने ।

इजलास अधिकृतः विद्याराज पौडेल

इति संवत् २०६९ साल बैशाख २१ गते रोज ५ शुभम् ।

२

**मा.न्या. श्री भरतराज उप्रेती र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६७ सालको-CR-०३५६, चोरी, *रामबाबु साह वि. नेपाल सरकार*

निजी उपभोग वा प्रयोगको लागि सामान खरीद गर्नेले यसरी खरीद गर्दा कुनै कागज गरी लिने वा नलिने कुरा निजको इच्छा र खरीद गरिएको वस्तुको प्रकृति र कानूनी बाध्यताको बिषयले निर्धारण हुने ।

सामान्य उपभोगको लागि कुनै चिज वस्तु खरीद गर्दा कागज गरी लिने दिने भन्ने कुरा सम्बन्धित उपभोक्ता खरीदकर्ताको इच्छामा समेत भर पर्ने हुनाले कुनै चिज वस्तु खरीद गर्दा कागज गरी लिने दिने कुरा निजको सम्बन्धमा त्यति सान्दर्भिक र महत्वपूर्ण नहुन सक्ने ।

आफ्नो व्यवसायलाई नियमित रुपमा सञ्चालन गर्न कारोवारबाट भएको नाफा घाटाको कुरा यकीन गर्नको लागि व्यवसायीले सामान खरीदसम्बन्धी प्रत्येक कारोवारको बारेमा राखिएको अभिलेख वा कागजले सामानको पहिचान सहितको विवरण, खरीद मूल्य, खरीद भएको सामानको परिमाण (जस्तो कति थान, कति किलो आदि) विभिन्न प्रयोजनको लागि यस्तो सामानको बिक्रीकर्तालाई सम्पर्क गर्न पर्दा आवश्यक पर्ने न्यूनतम् सम्पर्क ठेगाना आदि अभिलेख गरिएको कागज वा रेकर्डलाई नै चोरीको महलको २३ नं. को प्रयोजनको लागि कागज मान्नुपर्ने ।

इजलास अधिकृतः विद्याराज पौडेल

कम्प्युटरः मुक्ता प्याकुरेल

इति संवत् २०६९ साल बैशाख २१ गते रोज ५ शुभम् ।

## इजलास नं. ९

१

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६३-CI-११३२, लिलाम दर्ता बदर दर्ता, *नन्दकिशोर राय यादव वि. अशोककुमार यादव*

लेनदेन मुद्दा मिति २०५९।५।११ मा गर्नुपूर्व नै अंश मुद्दा परी मिति २०५८।६।१४ मा मिलापत्र गरी छुट्टिसकेको र सरफलालले संजोगियादेवीलाई बकसपत्र पनि लेनदेन मुद्दा पर्नुपूर्व नै मिति २०५९।३।१३ मा गरिदिएको देखिँदा घरसारको तमसुक लिखतको मिति जे जस्तो भए पनि लेनदेन मुद्दा पर्दाको अवस्थामा वादीहरू लिखतमा देखिएको ऋणीबाट अंश दिई छुट्टि भिन्न भै बसिसकेको देखियो । यी निर्विवाद तथ्यको रोहबाट हेर्दा अंश मुद्दाको मिलापत्रमा सरफलालले ऋण नदेखाउनु र वादी समेतबाट असूलउपर गर्नुपर्ने भए लेनदेन मुद्दामा लिखतका धनी नन्दकिशोर रायले वादी समेतलाई प्रतिवादी नबनाउनु तर सम्पत्ति रोक्का भने सरफलालको भागको सम्पत्ति रोक्का नगरी संजोगियादेवीको नामको सम्पत्ति रोक्का राख्नु र लिलाम हुनु कानूनअनुरूप र न्यायोचित भएको पनि मान्न मिल्ने देखिएन । ऋणको साँवा ब्याज ऋणी सरफलालको नाममा रहेको सम्पत्तिबाट असूलउपर

गर्नुपर्ने र सोबाट असूलउपर हुन नसकेको अवस्थामा मात्र ऋण लिँदाको अवस्थामा यी वादीहरू सगोलमा रहे भएका थिए भन्ने प्रमाण पुगेको अवस्थामा दण्ड सजायको २६ नं. अनुरूप असूलउपर हुनसक्ने नै हुँदा सर्वप्रथम ऋणी वा लेनदेन वा बिगो मुद्दामा प्रतिवादी बनाइएका व्यक्तिको नाममा रहेको सम्पत्तिबाट नै असूलउपर गर्नुपर्ने ।

इजलास अधिकृतः मनोज श्रेष्ठ

इति संवत् २०६९ साल जेठ ७ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६४ सालको रिट नं. WO-०२५०, उत्प्रेषण समेत, *शान्ति श्रेष्ठ वि. शोभाकर न्यौपाने समेत*

अन्तिम फैसला भएपछि फैसला कार्यान्वयनको कार्यलाई विभिन्न बहानामा अवरोध गर्न खोज्नु र ढिलाई गरिरहने प्रवृत्तिले न्यायका उपभोक्ताहरूलाई न्यायको वास्तविक अनुभूति हुँदैन । उचित र पर्याप्त कारण भएमा बाहेक अन्य अवस्थामा फैसला कार्यान्वयनको कार्य रोक्नु हुँदैन । निवेदकका हकमा एकातिर ऋण लिँदा साक्षीमा बसी मञ्जूरी भइरहेको अवस्था देखिन्छ भने अर्कातर्फ उक्त घरजग्गा काठमाडौं जिल्ला अदालतबाट चलन चलाई विपक्षी शोभाकर न्यौपानेका नाममा मिति २०६७।३।२४ मा चलन पूर्जी लगिसकेको र फेरि हटक गरेकोले पुनः चलन पाऊँ भनी आएकोमा पुनः चलन चलाई मिति २०६७।१२।२८ चलन पूर्जी समेत भइसकेको अवस्था हुँदा फैसला बदर समेतका मुद्दा चलेको भन्ने कारणबाट मात्र फैसला कार्यान्वयनको कामकारवाही मुल्तवी राख्न नमिल्ने ।

इजलास अधिकृतः विष्णु अवस्थी

कम्प्युटरः धनबहादुर गुरुङ

इति संवत् २०६८ साल पुस १८ गते रोज २ शुभम् ।

## इजलास नं. १०

**मा.न्या.श्री तर्कराज भट्ट र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६६ सालको CI-०९९३, जग्गा हक कायम खिचोला मेटाई दर्ता गरिपाऊँ, *खगेन्द्रप्रसाद गौचन वि. जसोदा पराजुली*

अदालतको अन्तिम फैसलाबाट यी पुनरावेदकको हक स्थापित भइरहेको जग्गालाई आफ्नो नाममा नामसारी नगरेको भन्ने आधारमा मात्र हक स्थापित नहुने भनी अर्थ गर्न नमिल्ने र यी पुनरावेदकले आफ्नो नाममा नामसारी गराउनेतर्फ उदासीन रहेको अवस्थामा उक्त जग्गा ठोस कानूनी आधार प्रमाण बिना नै प्रत्यर्थी वादीको हक कायम हुने भनी अर्थ गर्न नमिल्ने हुँदा कि.नं. २०३ को जग्गा शुक्लेश्वर महादेवका नाउँमा निजी गुठी भै शुक्लेश्वर महादेवका नाममा जग्गा हक कायम समेत हुने ।

इजलास अधिकृतः विष्णु अवस्थी

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०६८ साल पुस १९ गते रोज ३ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- २०६६ सालको CI-०९९१, जग्गा हक कायम दर्ता समेत, *खगेन्द्रप्रसाद गौचन वि. बज्रमोहन पराजुली समेत*
- २०६६ सालको CI-०९९२, जग्गा हक कायम खिचोल मेटाई दर्ता गरिपाऊँ, *खगेन्द्रप्रसाद गौचन वि. बज्रमोहन पराजुली*

## एकल इजलास

१

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा,** ०६८-WO-१०२२, उत्प्रेषणयुक्त परमादेश, *अनुरोध शम्शेर ज.ब.रा. वि. मालपोत कार्यालय, भक्तपुर समेत*

संविधान तथा कानूनद्वारा प्रदत्त हक अधिकारमा आघात पर्न गएमा मर्का पर्ने पक्षले अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भए पनि सो उपचार अपर्याप्त वा प्रभावहीन देखिएको अवस्थामा मात्र सर्वोच्च अदालतको असाधारण अधिकारक्षेत्रअन्तर्गत रिट निवेदन लिई आउन सक्ने अधिकार नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२) ले प्रदान गरेको छ । तर यी निवदेकले कानूनले निर्दिष्ट गरेको नियमित मार्गको अवलम्बन नगरी रिट क्षेत्रमा प्रवेश गरेको देखिँदा असाधारण अधिकारक्षेत्रको प्रयोग गरी निवेदन मागबमोजिमको आदेश

जारी गर्न मिल्ने अवस्था नदेखिँदा लिखित जवाफ मगाई रहनु परेन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः कमलप्रसाद पोखरेल

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०६९ साल बैशाख २७ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री ताहिर अली अन्सारी,** ०६८-WO-०९१५, उत्प्रेषण समेत, *बालकृष्ण नेउपाने समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

विपक्षीहरूबाट संवैधानिक निकायमा पदाधिकारीको नियुक्तिसम्बन्धी मापदण्ड अन्तिम भैसकेको नदेखिई छलफलको क्रममा रहेको भन्ने देखिन आयो । पत्रिकामा प्रकाशित भएको भन्ने आधारमा सो मापदण्ड बदर गरिपाऊँ भनी प्रस्तुत रिट निवेदन दिएको देखिए पनि त्यस्तो कुनै मापदण्ड निर्धारण नै भै नसकेको र सो सम्बन्धमा संवैधानिक परिषद्बाट कुनै निर्णय भै नसकी छलफलको क्रममा रहेको अवस्थामा प्रस्तुत निवेदनबाट थप कारवाही अगाडि बढाउनुको कुनै औचित्य नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः चुरामन खड्का

कम्प्युटरः सरस्वती पौडेल

२०६९ साल बैशाख २५ गते रोज २ शुभम् ।

३

**मा.न्या.श्री भरतराज उप्रेती,** ०६८-WO-०७७६, उत्प्रेषणयुक्त परमादेश, *दीपक राय समेत वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*

निवेदकहरूलाई मिति २०६३।१०।१७ गतेदेखि लागू हुने गरी स्तरवृद्धि गर्ने गरेको विभिन्न मितिको निर्णय तथा सो निर्णयअनुसार दिइएको स्तरवृद्धिसम्बन्धी पत्र बदर गरी पाउन निज निवेदकहरूले अत्यधिक ढिलो गरी मिति २०६८।११।१४ मा मात्र रिट निवेदन दिएको देखिएको र त्यसरी ढिलो हुनका मनासिब कारणबारे पनि केही उल्लेख गरेको नदेखिँदा निवेदकले दिएको निवेदनअनुसार कार्यवाही अगाडि बढाउन आवश्यक र उपयुक्त नदेखिँदा विपक्षीहरूबाट कारण देखाउने आदेशसम्म जारी गर्न नपरी विलम्बको आधारमा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः कमलराज विष्ट

इति संवत् २०६८ साल फागुन १५ गते रोज २ शुभम् ।

- यसै प्रकृतिको ०६८-WO-०७७५, उत्प्रेषणयुक्त परमादेश, *मोहन ढकाल वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

## पूर्ण इजलासमा पेश हुने

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गिरीश चन्द्र लाल,** २०६८-WH-००६८, बन्दीप्रत्यक्षीकरण, *दिनेश वैगारको हकमा तारा खनाल वि. बालसुधार गृह, सराङकोट कास्की समेत*

कानूनको व्याख्या गर्दा स्वभाविक र गतिशील हुने गरी व्याख्या गर्नुपर्ने हुन्छ । पटक-पटक बाल दुराचार गर्ने बालकलाई यस्तो अवस्थामा त्यत्तिकै छाडिदिनु पर्दछ भनेर अर्थ गर्दा बालबालिकाको हित भन्दा अहित पनि हुन सक्दछ । बालबालिकालाई सुधार गृहमा पठाउनु भनेको सजाय भुक्तान गर्नु वा कैदमा राख्नु नभै उसलाई सुधार गरी असल नागरिकको रूपमा रूपान्तरण गर्नु पनि हो । कैदमा राख्नुपर्ने बालकलाई सुधार गृहमा पठाई पुर्पक्ष गर्नसक्ने उल्लिखित कानूनी व्यवस्था भए झैं धरौट राख्न नसकी कैदमा बस्नुपर्ने अवस्थाको बालकलाई पनि सुधार गृहमा पठाउने गरी कानूनको व्याख्या तथा प्रयोग गर्नु स्वाभाविक नै हुन्छ । जसबाट कानूनको अर्थपूर्ण व्याख्या र जीवन्त प्रयोग हुने ।

बालबालिकाको हितको नाउँमा कानूनको अत्याधिक लचक भै व्याख्या र प्रयोग गर्दा बालबालिकाको हित नभै अहित हुन सक्छ । बाल न्यायको मकसद कलीला मनस्थितिका बालबालिकालाई साबालक कसूरदारको रूपमा व्यवहार नगरी उसलाई कसरी सुधार गर्न सकिन्छ त्यही किसिमले व्यवहार गर्नु हो । बालबालिकासम्बन्धी ऐन, कानून र अन्तर्राष्ट्रिय महासन्धिले पनि समष्टिमा बालबालिकाको हित नै सोचेका छन् । कानूनको प्रयोग र व्याख्या गर्दा पनि हामी त्यही उद्देश्यबाट विमुख हुन नहुने ।

बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११ मा विभिन्न उमेरका बालबालिकालाई विभिन्न उपदफामा कसूर र सजायको व्यवस्था गरेबाट यहाँ

बालकको उमेरअनुसार उसलाई आपराधिक दायित्व व्यहोर्न पर्ने गरी व्यवस्था गरेबाट यी उमेरका बालकलाई भिन्नभिन्न तवरले व्यवहार गर्नुपर्ने विधायिकी मनसाय देखिन्छ । १४ वर्ष मुनिको बालकको हकमा स्थापित सिद्धान्तलाई सबै उमेरका बालकको हकमा प्रयोग गर्नु विधायिकी मनसायअनुरूप नहुने ।

बालकबाट दुराचारको घटना भए सोलाई सम्बोधन नगरिकन सुधारगृहमा पनि नपठाउने, कारागारमा पनि नराख्ने, कानूनको घेराभित्र नराखी खुला छाड्नु भन्ने बालबालिकासम्बन्धी ऐन र बाल न्यायको धारणा पनि नभएकोले दफा ५०(१) आकर्षित गर्ने आदेश हुनुपर्नेमा केही नगरी खुला छाड्ने र बारम्बार दुराचार दोहोऱ्याउन सक्नेलाई त्यत्तिकै खुला छाड्न उपयुक्त नहुँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न नपर्ने ।

यस अवस्थामा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्ने गरी ऋतु वि.क.को मुद्दामा कायम भएको रूलिङ्गसँग यो इजलास सहमत हुन सक्ने देखिएन । यस परिप्रेक्ष्यमा ०६७-WH-००७७ को सुकबहादुर गुरूङको रिट निवेदन खारेज भएको र माथि उल्लिखित प्रदीप थापा समेतको मुद्दामा रिट जारी हुने गरी कानूनको व्याख्या वा कानूनको प्रयोगमा संयुक्त इजलासको राय अलगअलग पाइएकोले यस सम्बन्धमा पूर्ण इजलासबाट व्याख्या भै एकरूपता कायम गर्न उपयुक्त भएकोले सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३ को खण्ड(ख) बमोजिम मुद्दा निर्णयार्थ पूर्ण इजलासमा पेश हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय
कम्प्युटरः निर्मला भट्ट
इति संवत् २०६९ साल बैशाख ४ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६३-WO-०८१५, उत्प्रेषणयुक्त परमादेश, *उमेशप्रसाद साह वि. अञ्चल प्रहरी कार्यालय, जनकपुर समेत*

एउटा प्रहरी कर्मचारीले बिना कुनै सूचना वा आदेश आफूखुशी आफ्नो कार्यस्थल छोडी जान्छ र आफ्नो कार्य समयमा उपस्थित हुँदैन, आफ्नो कार्यालय वा सो भन्दा माथिल्लो वा तल्लो निकायका कार्यालयसँग कुनै सम्पर्क नगरी आफूखुशी स्थानमा बस्दछ । कतिपय अवस्थामा आफ्नो स्थिति लुकाउन आफूले कार्यालयको अभिलेखमा लेखाएको आफ्नो घर ठेगानामा पनि नबसी कार्यालयबाट आउन सक्ने पत्र, निर्देशन सूचना वा आदेश छल्ने प्रयोजनले अन्यत्र बस्छ वा आफ्नो वासस्थान फेर्दै बस्ने गर्दछ भने त्यसको परिवर्तित वासस्थान पत्ता लगाउन र निजलाई सो स्थानमा कानूनबमोजिमको प्रक्रिया अपनाई कारवाही गर्नु वा स्पष्टीकरण माग गर्ने सम्बन्धी सूचना दिनु, बुझाउनु व्यवहारिक र सम्भव हुँदैन । त्यस्तो अवस्थामा कार्यविधिको रीत पुऱ्याउन नपर्ने भनी नियम ८९(२) को प्रतिवन्धात्मक खण्ड (क) ले विशेष व्यवस्था गरेको छ । कार्यविधिगत रीत पुऱ्याउन नपर्ने भनेको त्यस्ता प्रहरी कर्मचारीलाई स्पष्टीकरणको सूचनालगायतका कारवाहीसम्बन्धी अन्य प्रक्रियागत कुराहरू अपनाउनु नपर्ने भन्ने नै हो । त्यसैले नियम ८९(२) को प्रतिवन्धात्मक खण्ड (क) लाई सोही नियमको प्रतिवन्धात्मक खण्ड (ग) सँग जोडेर हेर्न र खण्ड(क) को अवस्थामा पनि सफाइको मौका दिन नपर्ने भएमा सोही व्यहोराको पर्चा खडा गर्नुपर्ने भन्ने अर्थ र व्याख्या गर्न नमिल्ने ।

कुनै प्रहरी कर्मचारीउपर गरिएको कारवाही कानूनसम्मत् भए पनि निज कार्यालयबाट अनुपस्थित भएको वा भागी गएको मितिदेखि नै लागू हुने गरी पछि निर्णय गरिएको छ भने सोही आधारामा मात्र हटाइएको निर्णय बदर गर्दा अरू कानूनसम्मत् कारवाहीमा असर पर्नुका अतिरिक्त प्रहरी सेवामा नै असर पर्नसक्ने स्थिति आउन सक्दछ । त्यसमा पनि भागी गएको वा कार्यस्थल छोडी गएको मितिदेखि हटाउने निर्णय गर्दासम्मको अवधिको व्यवस्थापनमा गम्भीर कानूनी एवं व्यवहारिक समस्या पर्न जाने ।

प्रस्तुत निवेदनमा निवेदक आफूखुशी आफ्नो कार्यस्थल छोडी हिँडी गएको अवस्था छ । निजलाई पटक-पटक खोजतलास गर्दा फेला नपरेको र सम्पर्कमा नआएको देखिन्छ । फेला नपर्नु वा सम्पर्कमा नआउनु भनेको निज विदेश नै गएको भन्ने होइन । देशभित्रै बसेर केही सयमका लागि विभिन्न कारण वा परिस्थितिमा आफ्नो अड्डासँगको सम्पर्क लुकाउनै सकिँदैन भनी अनुमान गर्न नमिल्ने कुरा होइन । भागी गएका प्रहरी

कर्मचारीसँग सम्पर्क स्थापित गर्नुपर्ने एकतर्फी कर्तव्य कारवाही गर्ने निकाय वा पदाधिकारीको मात्र होइन । प्रहरी सेवाको कर्मचारी भएपछि आफ्नो स्थिति, परिस्थिति वा उपस्थितिको जानकारी निजले कार्यालय वा सो सँग सम्बन्धित अन्य कार्यालयलाई दिनुपर्ने पहिलो जिम्मेवारी सम्बन्धित कर्मचारीकै हुने ।

यस सन्दर्भमा प्रस्तुत रिट हेर्दा रिट निवेदकको घरमा निजलाई हाजीर हुन आउनु भनी सूचना टाँस गरिएको छ । निजले आफू कार्यस्थलमा अनुपस्थित भएको लगभग चार महिनापछि हाजीर हुन जाँदा मिति २०६१।१०।१ मा हटाउने निर्णय भएको जानकारी पाएको भनी रिट निवेदनपत्रमा नै उल्लेख गरिएको पाइन्छ । यस्तो अवस्थामा प्रहरी नियमावलीको नियम ८९(२) को खण्ड (क) आकर्षित हुने देखिन्छ । यस्तोमा यी निवेदकलाई सजाय किटान गरी स्पष्टीकरण माग नगरेको वा सफाइको मौका दिन नपर्ने भनी छुट्टै निर्णय पर्चा खडा नगरेको भन्ने आधारमा निवेदकलाई सेवाबाट हटाउने निर्णय बदर गर्ने अवस्था नभए पनि यसमा निर्णय गर्न यस अदालतबाट २०६५ को रि.पू.इ. नं. ००१३ को निर्णयबाट कानूनी जटिलता उत्पन्न भएको देखिएको हुँदा यसमा र यसपछि निर्णय हुने यस्तै प्रकृतिका रिट निवेदनहरूमा निर्णय हुनका लागि अवलम्बन गर्न सक्ने कानूनी सिद्धान्तमा एकरूपता कायम गर्नका लागि निम्न प्रश्नहरूको निरोपण यस अदालतको बृहद् पूर्ण इजलास (कम्तीमा पाँच जना न्यायाधीश भएको) बाट हुनु आवश्यक र उचित देखिएको छ :

१. प्रहरी ऐन, २०१२ को दफा १०(१) र प्रहरी नियमावली, २०४९ को नियम ८९(२) को प्रयोजनका लागि हाजिर हुन आउनु भनी उल्लेख भई गएको सूचनालाई पनि सफाइको मौका दिएको मान्ने वा नमान्ने ?
२. प्रहरी ऐन, २०१२ को दफा १०(१) र प्रहरी नियमावली, २०४९ को नियम ८९(२) को कार्यविधि कार्यविधि भागी पत्ता नलागेको वा सम्पर्कमा नरहेकाको हकमा अर्थात् उक्त नियमको प्रतिवन्धात्मक खण्ड (क) को हकमा पनि लागू हुने हो वा होइन ?
३. प्रहरी नियमावली, २०४९ को नियम ८९ (२) को प्रतिवन्धात्मक खण्ड (क) को प्रयोग गरी नोकरीबाट हटाउँदा पनि हटाएको निर्णय पर्चामा नियम ८९(२)(क) अनुसार भनी उल्लेख गर्नुपर्ने वा नपर्ने ?
४. प्रहरी नियमावली, २०४९ को नियम ८९ (२) को प्रतिवन्धात्मक खण्ड(ग) अनुसार सफाइको मौका दिन मनासिब नपर्ने भनी सेवाबाट हटाएको निर्णय पर्चामा नै उल्लेख भएकोलाई पनि पर्चा खडा गरेको मान्यता दिनुपर्ने, नपर्ने वा सो निर्णयभन्दा अलग, छुट्टै सो सम्बन्धी पर्चा खडा गर्नु ऐन र नियमले अनिवार्य बनाएको छ वा छैन ?
५. कानूनबमोजिमको कार्यविधि अपनाई सेवाबाट हटाउने निर्णय गरे पनि भागी गएकाको हकमा भागी गएको वा अनुपस्थित रहेको मितिबाटै लागू हुने भनी गरेको निर्णय वैधानिक हुने वा नहुने ?

तसर्थ उपरोक्त प्रश्नहरूको निरोपण नहुँदासम्म यस रिट निवेदनको निर्णय गर्न कानूनी जटिलता देखिएकोले र नजीरको पालन एवं प्रयोगमा पनि एकरूपता नहुने देखिएकोले संयुक्त इजलासको लगत कट्टा गरी प्रस्तुत रिट निवेदनलाई सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(१)(घ) र नजीरमा एकरूपताका लागि नियम ३(२) अनुसार समेत कम्तीमा ५ जना न्यायाधीशहरूको पूर्ण इजलासमा पेश गर्नु ।

इजलास अधिकृतः नारायणप्रसाद पौडेल
कम्प्युटरः सरस्वती पौडेल
इति संवत् २०६८ साल चैत २१ गते रोज ३ शुभम् ।

## रायबाझी फैसला

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री तर्कराज भट्ट,** ०६४-CR-०२३९, भ्रष्टाचार, *नेपाल सरकार वि. गणेशप्रसाद श्रेष्ठ समेत*

**मा.न्या.श्री सुशीला कार्कीको रायः**

कानूनबमोजिम गुज्रिएको म्याद थाम्ने थमाउने अवधि बाँकी रहे नरहेको हेरी जाँची यकीन गरी म्याद बाँकी देखिएमा मात्र पुनरावेदन पत्र दर्ता हुन सक्ने

भएकोले पुनरावेदन पत्र र म्याद थामी पाऊँ भन्ने निवेदन एकैसाथ र एकै दिन पेश हुने कागजात हुन्। यसरी कानूनको म्यादभित्रै अख्तियार दुरूपयोग अनुसन्धान आयोगको पत्रसाथ पेश भएको पुनरावेदन पत्र सम्बन्धित कर्मचारीको कार्यव्यस्तताका कारण सोही दिन दर्ता हुन नसकी मिति २०६४।७।४।४ मा दर्ता भएको देखिन्छ। अदालतको आन्तरिक व्यवस्थापनको कारणले गर्दा पुनरावेदन पत्र पछिबाट दर्ता भएको देखिए तापनि सम्बन्धित पक्ष अदालतमा प्रवेश गरेको मितिलाई नै म्याद प्रयोजनका लागि गणना गर्नुपर्ने हुन्छ। हालसम्मको न्यायिक अभ्यास र परिपाटी पनि यही नै रहेको हुँदा म्याद नघाई पुनरावेदन दायर भएको भन्न नमिल्ने।

**मा.न्या.श्री तर्कराज भट्टको रायः**

न्याय निरूपण गर्ने क्रममा विवादित विषयमध्ये हदम्यादको प्रश्न मुख्य रहने र अरू विवादित विषय हदम्यादको तुलनामा गौण हुने हुँदा अरू प्रश्नको साथमा हदम्यादको प्रश्न समेत उठेकोमा पहिला सो विवादित कानूनी हदम्यादको प्रश्नको निरोपण भएपछि मात्र अरू प्रश्नको विचार हुन सक्दछ। प्रारम्भमा नै हदम्यादविहीन देखिएमा अरू प्रश्नभित्र प्रवेश गरिरहनुको कुनै औचित्यता नरहने।

महान्यायाधिवक्ताको कार्यालयले मिति २०६४।५।२७ मा पुनरावेदनको म्याद पाएको देखिँदा सोही मितिबाट पुनरावेदन गर्ने म्यादको गणना हुने।

वादीले पुनरावेदनको म्याद मिति २०६४।५।२७ मा बुझी लिई विशेष अदालत ऐन, २०५९ को दफा १७ एवं ११ ले निर्दिष्ट गरेको हदम्याद २०६४।७।१५ भित्र पुनरावेदन नगरी उक्त हदम्याद नघाई मिति २०६४।७।२२ मा मात्र पुनरावेदन दायर गरेको देखिएकोले प्रस्तुत पुनरावेदन हदम्यादभित्रको नदेखिँदा तथ्यभित्र प्रवेश गरिरहनु परेन। हदम्याद नाघी दायर भएको प्रस्तुत पुनरावेदन पत्रको तथ्यभित्र प्रवेश गरी इन्साफ गर्न नमिल्ने हुँदा प्रस्तुत पुनरावेदन खारेज हुने ठहर्छ। तथ्यभित्र प्रवेश गरी अभियोग दावीबमोजिम प्रतिवादीलाई सजाय हुने ठहर गर्नु भएको माननीय न्यायाधीश श्री सुशीला कार्कीज्यूको रायसँग मतैक्य हुन नसकेकोले सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(१)(क) बमोजिम पूर्ण इजलासमा पेश गर्नुपर्ने।

इजलास अधिकृतः रामप्रसाद भट्टराई
कम्प्युटरः मुक्ता प्याकुरेल
इति संवत् २०६८ साल माघ १७ गते रोज ३ शुभम्।

## जेथाजमानी/पुर्पक्ष आदेश

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री कमलनारायण दास,** *श्री पर्सा वन्यजन्तु आरक्ष कार्यालय*

निवेदक प्रतिवादी जर्सी चौधरी समेतउपर अवैध बाघको हड्डी बिक्री तथा ओसारपसार समेत गरेको भनी अभियोगमा राष्टिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २६(१) बमोजिमको सजायको मागदावी लिई अभियोगपत्र पेश भएको देखिन्छ। बरामद भई आएको भनिएको हड्डी प्रतिवन्धित बाघको हड्डी नै हो भन्ने सम्बन्धमा राष्ट्रिय विधि विज्ञान प्रयोगशालाबाट पहिचान गर्ने प्रविधि उपलब्ध नरहेको हुँदा यकीन गर्न नसकिने भनी जवाफ पठाएको देखिएको साथै समान सजायको मागदावी लिइएका अन्य प्रतिवादीहरूको हकमा मुद्दा पुर्पक्षको निमित्त धरौट वा जेथाजमानत लिने गरी भएको आदेश समेतको परिप्रेक्ष्यमा निवेदक प्रतिवादी जर्सी चौधरीलाई मुद्दा पुर्पक्ष निमित्त थुनामा राख्ने गरी भएको त्यस कार्यालयको मिति २०६७।१२।४ को आदेश र सो आदेश सदर गर्ने गरी पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०६८।११।४ मा भएको आदेश समेत मिलेको नदेखिँदा बदर गरिदिएको छ। अब निवेदक जर्सी चौधरीबाट अन्य प्रतिवादीहरूबाट लिए सरह रू. २,५०,०००।- (दुई लाख पचास हजार) नगदै वा सो बराबरको जेथा जमानी दिए लिई निवेदक प्रतिवादीलाई तारिखमा राख्नु र नदिए कानूनबमोजिम मुद्दा पुर्पक्ष गर्नू।

इति २०६९ साल असार १३ गते रोज ४ शुभम्।

## बेरीत आदेश

१

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या. श्री कमलनारायण दास,** २०६८-RE-०२८६, जवर्जस्ती करणी, *नेपाल सरकार वि. पप्पु कुर्मी चौधरी समेत*

अभियोगपत्र हेर्दा यी प्रतिवादीहरू उपर जवर्जस्ती करणीको महलको १ नं., ३ नं.को देहाय ५ र ३क नं. को कसूर र सजायको मागदावी गरी अभियोगपत्र दायर गरेको देखियो । उक्त कानूनी व्यवस्थाअनुसार प्रस्तुत अभियोग दावी ठहरेमा जवर्जस्ती करणीका ३ नं. को देहाय ५ नं. र ३क अनुसार गरी न्यूनतम् १० वर्ष कैद हुनसक्ने देखिन्छ । यसरी न्यूनतम् १० वर्ष कैदको सजाय हुने कसूरको अभियुक्त तत्कालको प्रमाणबाट कसूरदार देखिएमा अ.बं. ११८ नं. को देहाय २ अनुसार पुर्पक्षको लागि थुनामा राख्नुपर्ने स्पष्ट कानूनी व्यवस्था रहेको छ ।

पुनरावेदन अदालत, बुटवलको मिति २०६८।८।२८ को आदेश हेर्दा अ.बं. ११८ नं. को देहाय ५ अनुसार धरौट लिई तारिखमा राख्ने आदेश गरेको देखियो । मुलुकी ऐन, अ.बं. ११८ को देहाय २ र ३ बमोजिम हुनेमा बाहेक अन्य अवस्था र अभियोग लागेको अभियुक्त कसूरदार देखिएमा अ.ब.. ११८ नं.को देहाय ५ अनुसार निजबाट धरौटी लिई तारिखमा राख्ने व्यवस्था रहेको पाइन्छ । यसरी यी प्रतिवादीहरू तत्काल प्राप्त प्रमाणबाट कसूरदार देखिएको कुरा पुनरावेदन अदालतले स्वीकार गरे तापनि नलाग्ने दफा अर्थात् अ.बं. ११८ को देहाय ५ लगाई धरौटी माग गरेको सो अदालतको मिति २०६८।८।२८ को आदेश मिलेको नदेखिएकोले बदर गरिदिएको छ । अब यी प्रतिवादीहरू पप्पु कुर्मी चौधरी र मुछाडे भन्ने निरञ्जन त्रिपाठीलाई अ.बं. ११८ नं. को देहाय २ अनुसार थुनामा राखी पुर्पक्ष गर्नुपर्ने ।

इति संवत् २०६९ साल असार ८ गते रोज ६ शुभम् ।

२

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या. श्री कमलनारायण दास,** २०६८-RE-०२९७, ज्यान मार्ने उद्योग, *भद्रबहादुर कामी(वि.क.) वि. मनील भन्ने सञ्जय सुनार*

यसमा पुनरावेदन अदालत, पोखराले प्रतिवादी मनील भन्ने सञ्जयकुमार सुनारलाई अ.बं. ११८ को देहाय ५ र १० अनुसार धरौट लिई तारिखमा राख्ने गरी मिति २०६८।११।१८ मा आदेश गरेको देखियो । मुलुकी ऐन, अ.बं. ११८ नं.को देहाय ५ हेर्दा सोही ११८ नं. को देहाय २ र ३ को अवस्था बाहेकको अवस्था र अभियोग लागेको अभियुक्त तत्काल प्राप्त प्रमाणबाट कसूरदार हो भन्ने विश्वास गर्ने मनासिब आधार भएमा निजबाट धरौट वा जमानत लिई मुद्दाको पुर्पक्ष गर्ने व्यवस्था गरिएको देखिन्छ ।

यसरी पुनरावेदन अदालतले प्रतिवादी मलीन भन्ने सञ्जयकुमार सुनारले आरोपित कसूर गरेको भनी तत्काल प्रमाणबाट कसूरदार देखेको भन्ने कुरा पुनरावेदन अदालत, पोखराको आदेशबाट स्पष्ट हुन्छ । तर यी प्रतिवादीउपर ज्यानसम्बन्धी महलको १५ नं. को अभियोग दावी लिई अभियोग पत्र दायर भएको र सो १५ नं. ले ५ वर्षदेखि १२ वर्षसम्म कैद सजाय हुने भन्ने उल्लेख गरेकोले यस्तोमा तत्काल प्रमाणबाट कसूरदार देखिएको अभियुक्तलाई अ.बं. ११८ नं. को देहाय २ अनुसार पुर्पक्षको लागि थुनामा राख्नुपर्ने भन्ने स्पष्ट कानूनी व्यवस्था रहेको पाइन्छ । उक्त कानूनी व्यवस्थाको विपरीत आफूले तत्काल प्रमाणबाट कसूरदार देखिएको ज्यानसम्बन्धी महलको १५ नं. को अभियुक्तलाई अ.बं. ११८ नं. को देहाय २ लगाई थुनामा राख्नु पर्नेमा नराखी लाग्न नहुने ऐन अर्थात् अ.बं. ११८ नं.को देहाय ५ लगाई पुर्पक्षका लागि रू. ५०,०००।- धरौटी माग गरेको देखियो ।

यसको अतिरिक्त एउटै मुद्दामा दुईजना प्रतिवादीमध्ये एकजना समवत सुनारलाई पुर्पक्षका लागि थुनामा राखेको तनहूँ जिल्ला अदालतको आदेश सदर गरेको तर निज समवत सुनारले यी प्रतिवादी मनील भन्ने सञ्जयकुमार सुनारले खुकुरीले प्रहार नगरेको, वारदातस्थलमा उपस्थित रही वारदातमा सम्मिलित भएको कुरा अदालतमा बयान गरेको समेतका तत्काल प्रमाणबाट निज मनील भन्ने सञ्जयकुमार सुनारलाई अ.बं. ११८ नं. को देहाय २ अनुसार पुर्पक्षका लागि थुनामा राख्नुपर्ने देखिएकोले लाग्नै नसक्ने ऐनको दफा लगाई धरौटी माग गरेको पुनरावेदन अदालत, पोखराको मिति २०६८।११।१८ को आदेश मिलेको नदेखिएकोले सो आदेश बदर गरिदिएको छ । अब निज प्रतिवादी मनील भन्ने सञ्जयकुमार सुनारलाई पछि ठहरेबमोजिम हुने गरी थुनामा राखी पुर्पक्ष गर्नुपर्ने ।

यो आदेशको प्रतिलिपि र लाग्नै नहुने ऐनको दफा प्रयोग गरी भएको पुनरावेदन अदालत, पोखराको

मिति २०६८।११।१८ को आदेशको प्रतिलिपि समेत साथै राखी जानकारीको लागि न्यायपरिषद् सचिवालयमा पठाइदिनू ।

इति संवत् २०६९ साल असार ८ गते रोज ६ शुभम् ।

## अन्तरिम आदेश

**मा.न्या.श्री ताहिर अली अन्सारी**, ०६८-WO-११६३, उत्प्रेषण परमादेश, *रामकिशोर सिँह वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

गोरखापत्र संस्थान ऐन, २०१९ को दफा ८ को उपदफा ३ ले सञ्चालक समितिको अध्यक्ष नेपाल सरकारले तोक्नेछ भन्ने व्यवस्था गरेको देखिन्छ । सोही अधिकार प्रयोग गरी यी निवेदकलाई नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६८।६।२६ को निर्णयानुसार गोरखापत्र संस्थानको सञ्चालक समितिको अध्यक्ष पदमा बढीमा दुई वर्षको लागि नियुक्त गरेको देखिन्छ । यसरी ऐनमा व्यवस्थित गरिएको अध्यक्ष पदमा नियुक्त गरिएको यी निवेदकलाई नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६९।२।२५ को निर्णयानुसार "गोरखापत्र संस्थानको अध्यक्ष" पदबाट हटाइएको भन्ने सूचना तथा सञ्चार मन्त्रालयको मिति २०६९।२।२८ को पत्रबाट देखिए पनि "गोरखापत्र संस्थानको सञ्चालक समितिको अध्यक्ष पदबाट" हटाइएको नभई "गोरखापत्र संस्थानको अध्यक्ष पदबाट हटाइएको" भन्ने व्यहोरा उक्त पत्रमा उल्लेख भएको पाइन्छ । सो पत्रबाट यी निवेदकलाई स्पष्टीकरणको अवसर दिएको वा कुनै आरोपमा कारवाही गरी हटाइएको भन्ने पनि उल्लेख भएको छैन ।

यस्तो अवस्थामा मिति २०६९।२।२५ को "गोरखापत्र संस्थानको अध्यक्ष पदबाट हटाइएको" भन्ने निर्णय र मिति २०६९।२।२८ को पत्र प्रथम दृष्टिमा नै स्वेच्छाचारी निर्णय र स्थापित कानूनी मान्यता विपरीतको कार्य देखिएकोले उक्त निर्णयलाई कार्यान्वयन गर्दा बढीमा दुई वर्षको लागि अध्यक्ष पदमा नियुक्त यी निवेदकलाई अपूरणीय क्षति पुग्न सक्ने र गैरकानूनी कार्यले निरन्तरता पाइरहने देखिएकोले यो रिट निवेदनको अन्तिम निर्णय नहुँदासम्म वा रिट निवेदकले मिति २०६८।६।२६ मा पाएको नियुक्तिको अवधि समाप्त नभएसम्म (जुन छिटो हुन्छ सोही मितिसम्म) यी निवेदकलाई हटाइएको भनिएको नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६९।२।२५ को निर्णय र मिति २०६९।२।२८ को पत्र कार्यान्वयन नगर्नु नगराउनु र निवेदकलाई गोरखापत्र संस्थानको सञ्चालक समितिको अध्यक्ष पदको कानूनबमोजिमको जिम्मेवारी निर्वाह नरोक्नु, रोक्न नलगाउनु भनी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम विपक्षीहरूको नाममा अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०६९ साल जेठ ३० गते रोज ३ शुभम् ।

न्याय प्रशासनसँग सम्बन्धित विविध गतिविधिका साथ नेपाल टेलिभिजनबाट पाक्षिक रुपमा प्रसारण हुने

''हाम्रो अदालत''

कार्यक्रम हेर्न नभुलौं

सोमबार बेलुकी ९.३० बजे

पुनः प्रसारण मंगलबार दिउँसो २.३० बजे

# अदालत गतिविधि

## सम्माननीय प्रधान न्यायाधीश श्री खिलराज रेग्मीको फिनल्याण्डस्थित न्यायिक संस्थाहरूको अध्ययन भ्रमण सम्पन्न

फिनल्याण्डको सर्वोच्च अदालतका माननीय अध्यक्ष श्री पाउलिनो कोस्कोलेले सम्माननीय प्रधान न्यायाधीश श्री खिलराज रेग्मीलाई फिनल्याण्डमा स्थापित न्यायिक संस्थाहरूको अध्ययन अवलोकन गर्न औपचारिक निमन्त्रणा पठाउनु भएको थियो । सो निमन्त्रणालाई स्वीकार गरी सम्माननीय प्रधान न्यायाधीश श्री रेग्मीले २०६९ साल जेठ ३० गतेदेखि जेठ ३२ गतेसम्म फिनल्याण्डको सर्वोच्च अदालत, सर्वोच्च प्रशासनिक अदालतलगायत न्यायिक जनशक्तिलाई तालीम प्रदान गर्ने निकायको अध्ययन अवलोकन गर्नुभयो । सो क्रममा फिनल्याण्डको सर्वोच्च अदालतका अध्यक्ष श्री पाउलिनो कस्केलो, सर्वोच्च प्रशासनिक अदालतका अध्यक्ष श्री पेक्का भीउभेरी तथा सोही अदालतका पूर्व अध्यक्ष श्री पेक्का हलवर्गलगायतका उच्च पदस्थ पदाधिकारीहरूसँग भेटवार्ता सम्पन्न भएको थियो ।

सो भेटवार्ताको क्रममा नेपाल र फिनल्याण्डका अदालतलाई संविधान एवं कानूनद्वारा प्रदान गरिएको अधिकारक्षेत्र, स्वतन्त्र न्यायपालिकाको प्रत्याभूतिका लागि गरिएका व्यवस्था एवं प्रयासहरू, न्यायिक संस्थाहरूको तह र स्वरुप, न्यायाधीश नियुक्ति प्रक्रियालगायत एक अर्काका न्यायिक अनुभवहरूको पनि आदान प्रदान गरिएको थियो । यसका साथै नेपाल र फिनल्याण्डबीच रहँदै आएको वर्षौ पुरानो सम्बन्ध एवं द्विपक्षीय सहयोगलाई भावी दिनमा न्याय एवं कानूनको क्षेत्रमा के कसरी विस्तार गर्न सकिन्छ भन्ने विषयमा पनि सामान्य छलफल भएको थियो । भेटवार्ताको अवसरमा सम्माननीय प्रधान न्यायाधीशको भ्रमण दलका सदस्य तथा वहाँकी धर्मपत्नी श्रीमती शान्ता रेग्मी तथा निजी सचिव (उपसचिव) श्री कृष्णप्रसाद सुवेदी पनि उपस्थित हुनुहुन्थ्यो ।



सम्माननीय प्रधान न्यायाधीश श्री खिलराज रेग्मी र फिनल्याण्डको सर्वोच्च अदालतका अध्यक्ष श्री पाउलिनो कोस्केलो भेटवार्ताको क्रममा

## सम्माननीय प्रधान न्यायाधीश श्री खिलराज रेग्मीद्वारा डेनमार्कको सर्वोच्च अदालतको अध्ययन/अवलोकन

सम्माननीय प्रधान न्यायाधीश श्री खिलराज रेग्मीले फिनल्याण्डस्थित न्यायिक संस्थाहरूको अध्ययन अवलोकन गरी ब्राजिलमा आयोजना हुने World Congress on Justice, Governance and Law for Environmental Sustainability, June 17-20, 2012 मा भाग लिन जाने क्रममा बाटोमा पर्ने डेनमार्कमा रहँदाको अवस्थामा मिति २०६९ असार १ गते त्याहाँको सर्वोच्च अदालतको भ्रमण गर्नुभएको थियो । सो भ्रमणको क्रममा सम्माननीय प्रधान न्यायाधीश श्री खिलराज रेग्मी र डेनमार्कको सर्वोच्च अदालतका अध्यक्ष श्री बोर्ग दालबीच शिष्टाचार भेट भएको थियो । भेटको क्रममा नेपाल र डेनमार्कका अदालतलाई संविधान एवं कानूनद्वारा प्रदान गरिएको अधिकारक्षेत्र, स्वतन्त्र न्यायपालिकाको प्रत्याभूतिका लागि गरिएका व्यवस्थाहरू, न्यायिक संस्थाहरूको तह र स्वरुप, न्यायाधीश नियुक्ति प्रक्रियालगायत एक अर्काका न्यायिक अनुभवहरूको आदान प्रदान भएको थियो ।



सम्माननीय प्रधान न्यायाधीश श्री खिलराज रेग्मी तथा डेनमार्कको सर्वोच्च अदालतका अध्यक्ष श्री बोर्ग दाल शिष्टाचार भेटका क्रममा

भेटवार्ताको अवसरमा डेनमार्कका लागि नेपाली राजदूत महामहीम श्री मुक्तिनाथ भट्ट, नेपाली राजदूतावासका मिनिष्टर काउन्सिलर श्री प्रकाश सुवेदी तथा सम्माननीय प्रधान न्यायाधीशको भ्रमण दलका सदस्य एवं उपसचिव/निजी सचिव श्री कृष्णप्रसाद सुवेदी पनि उपस्थित हुनुहुन्थ्यो ।

### सम्माननीय प्रधान न्यायाधीश श्री खिलराज रेग्मी वातावरणीय दिगोपनाका लागि न्याय, सुशासन र कानून (World Congress on Justice, Governance and Law for Environmental Sustainability, 2012) विषयक विश्व सम्मेलनमा सहभागी

सम्माननीय प्रधान न्यायाधीश श्री खिलराज रेग्मी संयुक्त राष्ट्र संघीय वातावरणीय कार्यक्रम (UNEP) द्वारा दक्षिण अमेरिकी राष्ट्र ब्राजिलमा २०६९ साल असार ३ गतेदेखि ७ गतेसम्म आयोजना गरिएको World Congress on Justice, Governance and Law for Environmental Sustainability, 2012 मा नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गरी सहभागी हुनुभयो । सम्मेलनको दौरानमा सम्माननीय प्रधान न्यायाधीश श्री रेग्मीले Right based approach: the nexus between Human Rights and the Environment and the emergence of environmental rights विषयक सत्रको अध्यक्षता ग्रहण गरी सत्रको दौरानमा विद्वानहरूद्वारा प्रस्तुत कार्यपत्र तथा त्यसमा सहभागीहरूद्वारा गरिएका टिप्पणीहरूको अध्ययन/विश्लेषण गरी सत्रमा निर्धारित विषयको सारांश सम्मेलनको वृहद सभामा प्रस्तुत गर्नुभएको थियो ।

यो सम्मेलनमा अर्जेन्टिना, मलेशिया, ब्राजिल, बंगलादेश, कंगो, सिचेल्स, युगाण्डा, चिली, बोलीभिया, बारबाडोस लगायत विभिन्न मुलुकका प्रधान न्यायाधीशलगायत विश्वका विभिन्न देशबाट आएका महान्यायाधिवक्ता, अभियोजनकर्ता, महालेखापरीक्षक जस्ता उच्च पदाधिकारीहरूको पनि सहभागिता रहेको थियो । सम्मेलन अवधिमा सामाजिक न्यायका लागि वातावरणीय दिगोपना, वातावरणीय सुशासनको क्षेत्रमा देखिएका राष्ट्रिय, क्षेत्रीय एवं अन्तर्राष्ट्रिय चुनौती, भावी वातावरणीय कानूनको क्षेत्रमा विद्यमान अवसर तथा चुनौती, वातावरणीय कसूरमा अभियोजन, वातावरणीय




सम्माननीय प्रधान न्यायाधीश श्री खिलराज रेग्मी World Congress on Justice, Governance & Law for Environmental Sustainability, 2012 को दौरानमा सञ्चालित Right based approach: the nexus between Human Rights & the Environment & the Emergence of Environmental Rights विषयक सत्रको अध्यक्षतापश्चात् आयोजित वृहद सभामा सत्रको सारांश प्रस्तुत गर्नुहुँदै

लेखापरीक्षण जस्ता विविध विषयमा सहभागीहरू बीच सैद्धान्तिक एवं व्यावहारिक छलफल एवं अनुभव आदान प्रदान भई भावी रणनीतिको बारेमा सघन छलफल भई Rio+20 Declaration on Justice, Governance and Law for Environmental Sustainability नामक प्रस्ताव पारित गरिएको थियो ।

सम्मेलनमा सम्माननीयज्यूको साथमा नेपाली प्रतिनिधिमण्डलका सदस्य सम्माननीयज्यूकी धर्मपत्नी श्रीमती शान्ता रेग्मी तथा निजी सचिव (उपसचिव) श्री कृष्णप्रसाद सुवेदी पनि सहभागी हुनुहुन्थ्यो ।

## सम्पादन तथा प्रकाशन समितिको अपेक्षा

१. युस बुलेटिनमा प्रकाशनका लागि सम्पूर्ण निर्णयका प्रतिलिपि सम्बन्धित इजलास अधिकृतहरूबाट हामीलाई प्राप्त भइरहेका छन् भन्ने कुरामा हामी विश्वस्त छौं ।
२. यस बुलेटिनमा सबै निर्णयका अतिरिक्त सबै पुनरावलोकनका निस्सा आदेश तथा व्याख्यात्मक प्रकृतिका अ.व. १७ नं. अन्तर्गत भएका आदेश, अन्तरिम आदेश र दरपीठ आदेश उपर इजलासका आदेश समेत प्रकाशित गर्न आरम्भ गरेका छौं । सबै रायबाभ्ती निर्णय पनि हामी प्रकाशित गर्दछौं । यस प्रकृतिका निर्णय आदेश प्रकाशन गर्न नछुटुन भन्ने हाम्रो उद्देश्य छ । यस उद्देश्यमा हामी सम्बन्धित इजलास अधिकृतहरूबाट सहयोगको अपेक्षा गर्दछौं । यसमा सम्बन्धित विद्वान कानून व्यवसायीहरूबाट पनि हामी सूचनाको आशा राख्दछौं ।
३. बुलेटिनको प्रत्येक अङ्कमा मुद्दा फर्छ्यौटका विवरण र महिनाको अन्तिम अङ्कमा सर्वोच्च अदालतमा विचाराधीन साल बसाली मुद्दाको स्थिति हामी जनसमक्ष राख्दछौं । अब प्रत्येक वर्षको साउनको अन्तिम अङ्कमा सर्वोच्च अदालतका विभिन्न समिति प्रगति विवरण तथा कार्यहरूको विषय पनि प्रकाशित गर्नेछौं । सम्बन्धित समिति सचिवहरूलाई जानकारी उपलब्ध गराई दिन अनुरोध गर्दछौं ।
४. यही बुलेटिनमा प्रकाशित हुने निर्णयहरूबाट नै नेपाल कानून पत्रिकामा प्रकाशनार्थ सामग्री छनौट हुन्छन् । कस्ता निर्णयमा नजीर तत्व भएको मान्ने सिद्धान्त सुनिश्चित छ । नेकाप २०६७ को

अतिरिक्ताङ्कमा हामीले यस विषयमा समितिको निर्णय प्रकाशित गरेका थियौं । नेकापमा समावेश गर्ने निर्णयको छनौट प्रक्रिया र उपसमितिको व्यवस्था समेत त्यहाँ प्रकाशित छ । सोही सूचनामा छनौटका मापदण्ड, प्रक्रिया, उपसमिति र प्रकाशनको आधार विषयमा निम्नानुसार उल्लेख छः

**नेकापमा प्रकाशनका लागि निर्णयहरूको छनौट प्रक्रियाः**

- अघिल्लो महिनाका *सअ बुलेटिनका* दुबै अङ्कमा प्रकाशित निर्णयहरू पछिल्लो महिनाको *नेकापका* लागि छनौटका सामग्री हुन् ।
- यस शाखामा प्राप्त हुने सबै निर्णयहरू मध्ये नजीर तत्व विद्यमान रहेका निर्णयहरूलाई छुट्याइन्छ । यसका लागि कुनै संख्या निर्धारित गरिएको छैन ।
- प्रकाशन प्रयोजनका लागि निर्णयाधारमा निहीत सिद्धान्त नै छनौटको मुख्य आधार हो ।

**छनौट गर्न उपसमिति**

- सम्पादन तथा प्रकाशन शाखाले सम्पादकमार्फत् प्रारम्भिक कार्य गरी निर्णयार्थ सम्पूर्ण निर्णयहरू छनौट उपसमितिमा पेश गर्दछ ।
- सम्पादन तथा प्रकाशन मूल समितिमा रहेका नेपाल बार एशोसिएशन, सर्वोच्च अदालत बार एशोसिएशन, महान्यायाधिवक्ताको कार्यालय र नेपाल ल क्याम्पसका प्रतिनिधिहरू सम्मिलित छनौट उपसमितिले प्रकाशनयोग्य निर्णयहरू छनौट गर्दछ ।
- छनौटमा परेका सबै निर्णयहरू प्रकाशनयोग्य मानिन्छन् ।
- प्रकाशनयोग्य मानिएका निर्णयहरू समितिका अध्यक्षसमक्ष पेश गरिन्छन् ।

**छनौटका मापदण्ड**

- पूर्ण इजलासका सम्पूर्ण निर्णयहरू र विशेष इजलासका अधिकांश निर्णयहरू स्वतः प्रकाशनयोग्य मान्ने हाम्रो नीति छ ।
- पहिले नै प्रकाशित भइसकेका सिद्धान्तसँग मेल खाने निर्णयहरूको पुनरावृत्ति नहोस् भन्ने कुरामा पनि हामी चनाखो रहने प्रयास गर्दछौँ ।
- पहिले नै कायम भएको सिद्धान्त भए पनि नयाँ किसिमको व्याख्या रहेको भए त्यसलाई समेत हामी प्रकाशनयोग्य नै मान्दछौँ ।

**प्रकाशनको आधार**

- छनौटमा परेका सम्पूर्ण निर्णयहरूलाई हामी छुट्याउँछौ र यी सबैलाई बेग्लै राख्दछौं ।
- हाललाई हामीसँग प्रति अङ्क सरदर १८० पृष्ठका सामग्री अटाउने ठाउँ छ ।
- छनौटमा परेका निर्णय तुरुन्तै प्रकाशित नभई २/३ महिनापछिको अङ्कमा पनि पर्न सक्दछन् ।
- कुनै चर्चित तथा जनअभिरुचीको निर्णयलाई तत्कालै प्रकाशन गर्नुपर्ने अवस्था पनि आउँछ । यस्तो अवस्थामा पूर्व निर्धारित निर्णय पछिल्लो अङ्कका लागि सर्दछ ।
- प्रत्येक अङ्कका लागि छापिने निर्णयहरू निर्धारण गर्दा संविधान, सम्पत्ति, अपराध, कम्पनी, उद्योग, वाणिज्य र कर्मचारी समेत हरेक विषय समेटिऊन भन्ने हाम्रो उद्देश्य रहन्छ ।

५. प्रकाशन नीतिभित्र पर्ने भनी लागेका निर्णयका शिरमा प्रकाशनार्थ भनी टिप्पणीसहित पठाई दिन सम्बन्धित इजलास अधिकृतहरूमा हामी अनुरोध गर्दछौं । यस्ता टिप्पणी सहित प्राप्त हुने निर्णयका वारेमा छनौट समितिको अवश्यमेव ध्यानाकर्षण गराइने छ ।